# प्रभाव दैनिक
National Daily

वर्ष ७ | अंक २४६ | काठमाडौं | शनिबार, १० माघ २०७७ | Prabhab National Daily, Saturday, January 23, 2021 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



रोगको समयमा उपचार गर्नुपर्छ । उपचारका लागि धामी, झाँक्रीकहाँ होइन, स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग


सन्दर्भ : वैदेशिक रोजगार

## मलेसियाबाट १७ नेपालीको शव ल्याइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइड बडी ए३३० जहाजले मलेसियाबाट १७ वटा नेपाली कामदारको शव नेपाल ल्याउने भएको छ । शव लिन निगमको जहाज शुक्रबार राति ११ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मलेसियाको क्वालालम्पुर उडेको छ ।

क्वालालम्पुरबाट शव लिएर वाइडबडी जहाज शनिबार बिहान ८:४० बजे काठमाडौं अवतरण गर्नेछ । सामाजिक उत्तरदायित्वअन्तर्गत निगमले नेपालीको शव ल्याउन लागेको हो । वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा काम गर्न गएका नेपाली विभिन्न कारणले मृत्मु भएर त्यहाँ अलपत्र अवस्थामा थिए । मृतकका परिवारको पीडालाई बुझेर निगमले नाफाभन्दा पनि सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा शव ल्याउन लागेको निगमले जनाएको छ ।

निगम राष्ट्रिय ध्वजाबाहक भएको नाताले मुनाफा वा फाइदा मात्रै हेर्न नमिल्ने भन्दै नागरिकको सेवा सुविधा एवं सामाजिक उत्तरदायित्व बहन गर्न पनि उत्तिकै जिम्मेवार र प्रतिबद्ध हुनुपर्ने हुनाले निगमले सो कार्य गर्न लागेको हो ।

क्वालालम्पुर गन्तव्यमा न्यारोबडी जहाजले नियमित उडान गर्दै आएको छ । नेपाली कामदारको शव लिनकै लागि निगमले वाइडबडी जहाज प्रयोग गर्न लागेको हो । वाइडबडी जहाजमा १८ वटा शव बोक्ने क्षमता हुन्छ ।

निगमले दुई वर्षअघि अफगानिस्तानबाट पनि नेपालीको शव ल्याएको थियो । निगमले कोभिड-१९ महामारीको सङ्क्रमणमा अन्तर्राष्ट्रिय उडान प्रतिबन्ध गरिएको अवस्थामा पनि उद्धार उडान तथा कोभिडका औषधिजन्य सामग्री ल्याउन महत्वपूर्ण भूमिका खेलेको थियो । निगमले दुई थान न्यारोबडी जहाज ए ३२० र दुई थान वाइडबडी ए३३० जहाजमार्फत भारतका तीनसहित सात देशका नौ गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भर्दै आएको छ ।

## ‘सडकबाट छिनोफानो हुन्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले सडकबाट नै संसद पुनर्स्थापनाको घोषणा गर्ने दाहाल-नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहालले बताएका छन् । प्रतिनिधिसभा विघटनविरुद्ध नेकपाले शुक्रबार राजधानीमा गरेको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले अदालतले सरकारको कदमलाई सदर गरेमा सडकबाटै सच्याइने चेतावनी दिए ।

प्रतिनिधिसभा विघटन गर्ने सरकारको कदम सर्वोच्च अदालतले उल्ट्याउने विश्वास व्यक्त गरेका छन् । अदालतले सरकारको कदमलाई प्रोत्साहन गर्ने काम भयो भने नेपालको शान्ति प्रक्रिया ‘डिरेल’ हुन्छ भन्ने चिन्ता आफूलाई रहेको उनले बताए ।

०६२/६३ को जनान्दोलन जसरी नै अहिले सिंगो मुलुक प्रतिनिधिसभा विघटनविरुद्ध फेरि पनि संघर्षमा उत्रिएको जिकिर गर्दै उनले नेपाली जनता जागिसकेको र प्रतिनिधिसभा पुनर्स्थापना नभएसम्म नसुत्ने विचार राखेका छन् ।

उनले संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा भएपछि राजनीतिक स्थायित्व होस्,




रोजगारी सिर्जना होस्, आर्थिक समृद्धि होस् भन्ने चाहेको भए पनि प्रधानमन्त्री केपी ओलीबाटै जनताका पक्षमा काम हुन नसकेको आरोप लगाएका छन् ।

निर्वाचनका माध्यमबाट नेकपाले दुई तिहाइ जनमत प्राप्त गरेपछि सबै क्षेत्रमा न्याय, सुशासन र समृद्धिको नयाँ युग सुरु हुनेछ, अप्ठ्यारोमा परेका जनतालाई कम्युनिस्ट पार्टी नेतृत्वको सरकारले राहत दिन्छ भन्ने सोचिएको भए पनि ओलीकै कारण सम्भव नभएको उनको आरोप थियो । उनले कम्युनिस्ट पार्टीले झन्डै दुई तिहाइ बहुमत ल्याएपछि घोषणापत्रमा भनेजस्तै गर्न नखोजेको भए पनि पार्टी एकताबखत भएका सहमति, समझदारी लागू गर्नबाट प्रधानमन्त्री ओली पछि हटेको उनले बताए ।

सहमति गर्ने तर लागू नगर्ने, प्रधानमन्त्री पाउनका लागि जे पनि सहमति गरिदिने तर सत्ता प्राप्त गरेपछि एउटा पनि कार्यान्वयन नगर्ने लक्षण शुरुदेखि नै आभास भएको पनि उनले टिप्पणी गरेका छन् । त्यसका विरुद्ध पनि बहस र संघर्ष गरेको भन्दै तीन वर्षमा प्रधानमन्त्रीलाई तह लगाउन नसकेको अध्यक्ष दाहालले स्वीकार गरेका छन् ।

‘पार्टी विधान नमानेकाले’ प्रधानमन्त्रीका विरुद्ध आफूहरूले पार्टी कमिटीभित्र संघर्ष गर्दै आएको उनले बताएका छन् । तर, यति गर्दा पनि प्रधानमन्त्रीलाई सच्चाउन नसकिको भन्दै उनले आत्मालोचना पनि गे । आज आएर प्रधानमन्त्रीले पार्टी विधान, पार्टीभित्र भएका सहमति नमान्ने मात्र होइन, संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र नमानेर विध्वंसतर्फ जाने काम गरेको पनि उनले आरोप लगाएका छन् ।

अध्यक्ष दाहालले अब पार्टीभित्र विधान र निर्णय नमान्ने प्रवृत्तिलाई उदार भएर अगाडि जान नदिने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । अध्यक्ष दाहालले संविधान, संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा फेरि एकजुट भएर लड्नुपर्ने समय आएकोसमेत बताए ।







# आयोगका सिफारिस कार्यान्वयन गर्न आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले विगतका गरेका सिफारिस तथा विश्वव्यापी आवधिक समीक्षाको क्रममा अन्तरराष्ट्रिय समुदायबाट प्राप्त सुझाव तथा आयोगका सिफारिसको कार्यान्वयनका लागि सरकारसँग आग्रह गरेको छ। आयोगका प्रवक्ता डा.टीकाराम पोखरेल शुक्रबार जारी गरेको विज्ञप्तिमा उक्त आग्रह गरेको हो।

नेपालको मानवअधिकारको अवस्था सुदृढीकरण तथा आयोगको स्वायत्तता र स्वतन्त्रताप्रति संवेदनशील हुँदै दिएका सुझावप्रति आयोगले अन्तरराष्ट्रिय समुदायप्रति धन्यवाद व्यक्त गरेको छ। मानवअधिकार हनन्का विषयमा आममाफी दिन नसकिने सरकारको धारणालाई आयोगले महत्वका साथ हेरेको जनाएको छ।

नेपालको विगत पाँचवर्षको मानवअधिकारको अवस्थाका सम्बन्धमा संयुक्त राष्ट्र संघीय मानवअधिकार परिषद्मा २१ जनवरी २०२१ मा छलफल भएको छ। सो छलफलमा नागरिक तथा राजनीतिक अधिकार एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र मौलिकहक कार्यान्वयनका लागि भएका प्रयाससहित सरकारबाट व्यक्त धारणालाई राष्ट्रिय मानवअधिकार आयोगले सकारात्मकरूपमा लिएको छ।

आयोगले उक्त समितिसमक्ष राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग संयुक्तरूपमा सो अवधिको मानवअधिकार अवस्थासम्बन्धी प्रतिवेदन यसअघि नै प्रस्तुत गरिसकेको छ। नेपालको मानवअधिकार अवस्थाको सुदृढिकरणका लागि विश्वका विभिन्न राष्ट्रबाट प्राप्त सुझावलाई आयोगले गम्भीरतापूर्वक लिएको छ।

महिला हिंसाको अन्त्य, जातियविभेद, लैंगिक समानता, बालश्रमको अन्त्य, कारागार सुधार, आप्रवासी कामदारको अधिकार, महिला तथा बालबालिकाको बेचविखन, महामारीमा मानवअधिकार, संक्रमणकालीन न्याय, यातना, खाद्यअधिकार, शरणार्थीको अधिकार, जलवायु परिवर्तन, दिगो विकास लक्ष्यको कार्यान्वयन, मानवअधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन आर्थिक स्वायत्तता र सवलीकरणलगायतका विषयमा अन्तरराष्ट्रिय समुदायबाट सुझाव प्राप्त भएका थिए।

आयोगको स्वायत्तता र स्वतन्त्रता मानवअधिकारको पेरिस सिद्धान्तबमोजिम हुनुपर्नेलगायत यसअघि सरकारलाई सिफारिस गरेका संक्रमणकालीन न्यायसम्बन्धी ऐनको संशोधन, रोम विधानको अनुमोदन, आप्रवासी कामदारसम्बन्धी महासन्धि र बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धिको अनुमोदन हुनुपर्ने जस्ता विषयमा विश्व समुदायले चासोका साथ दिएको सुझावलाई आयोग सराहना गरेको छ।

# पञ्चांग निर्णायक समिति गठन आदेश पारित

**काठमाडौं–** एक दशकमा पञ्चांग निर्णायक समिति गठन आदेश पारित भएको छ। समितिले गठन आदेश मस्यौदा गरी पठाएको एक दशकपछि मन्त्रिपरिषद्बाट पारित भएको हो।

मन्त्रिपरिषद्को गत २० पुसमा बसेको बैठकले समितिको गठन आदेश पारित गरेको मन्त्रालयका संस्कृति शाखाप्रमुख दुर्गाप्रसाद पोखरेलले बताएका छन्। विधेयक समितिले गठन आदेश पारित गर्न पुस २ गते मन्त्रिपरिषद्मा दर्ता गरेको थियो।

समितिले आर्थिक वर्ष २०६७/६८ मा गठन आदेश मस्यौदा गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरेको थियो। मन्त्रालयमा पेश भएपछि अर्थ, कानुनलगायत मन्त्रालयको रायसुझाव लिई गठन आदेश पारितका लागि मन्त्रिपरिषद्मा पेश भएको थियो।

समितिका पूर्वअध्यक्ष प्रा डा माधव भट्टराई सरकारले गठन गरेको समिति कसरी सञ्चालन गर्ने भन्ने नियम केही नभएकाले धर्म, संस्कृतिका क्षेत्रमा कार्यरत विज्ञसँग छलफल गरी त्यसबेला मस्यौदा गरी पठाएको बताउँछन्। संस्कृतिसम्बन्धी विषय सरकारको प्राथमिकतामा नपर्ने गरेकाले पारित हुन समय लागेको उनले बताए।

समितिको गठन आदेशसमेत नहुँदा आफैँ कार्यविधि बनाएर काम गर्ने गरिएको अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताएका छन्। गठन आदेश नभएकै कारण०७० मा बनेको गौतम नेतृत्वको समितिले नै काम गर्दै आएको छ।

समितिको गठन आदेश पारित भएसँगै केही प्रक्रिया पूरा गरी नेपाल राजपत्रमा प्रकाशन गरिने जनाइएको छ। प्रकाशन नभएसम्मका लागि पञ्चांग प्रकाशनलगायत दैनिक सञ्चालन हुने काम गर्न समितिलाई कुनै बाधा नरहेको संस्कृति शाखाप्रमुख पोखरेलले जानकारी दिए।

०२५ मा स्थापना भएको समिति शुरुमा अध्यक्ष प्रा डा मङ्गलराज जोशीकै घरमा कार्यालय राखी सञ्चालन भएको थियो। स्थापना हुँदा नेपाल राजकीय पञ्चांग निर्णायक समितिका नाममा दरबारलाई ज्योतिषीय सल्लाह, सुझाव दिने काम हुने गरेको थियो। समितिलाई पात्रो (पञ्चांग) स्वीकृतिको जिम्मेवारी पनि दिइएको थियो।

अध्यक्ष जोशीको निधनपछि विसं २०६१ मा नायब बडागुरुज्यू प्रा डा माधव भट्टराईलाई जिम्मेवारी दिइएको थियो। उहाँले पनि शुरुमा घरमै कार्यालय सञ्चालन गर्नुभएको थियो। केही समयपछि नेपाल प्रज्ञा-प्रतिष्ठानमा समितिको कार्यालय स्थापना गरियो।

प्रतिष्ठानको एउटा कोठामा कार्यालय साँघुरो भएर २०६६ सालपछि पशुपतिस्थित महास्नानघरमा कार्यालय सञ्चालन गरिएको थियो। विसं २०७२ वैशाख १२ गतेको भूकम्पले महास्नान घरमा क्षति पुगेपछि एक वर्ष मैजुबहालस्थित सदस्यसचिव सूर्यप्रसाद ढुङ्गेलको घरमा कार्यालय चलाइयो। रासस

## भर्नाको लागि आवेदन दिने सूचना

**मिति २०७७।१०।१०**

**यस सेन्ट्रल इन्जिनियरिङ्ग क्याम्पसमा डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्गमा ९ सिट खालि रहेकाले २०७७ मा CTEVT को प्रवेश परिक्षामा सामेल भएका विद्यार्थीहरुले भर्नाका लागि निवेदन दिन सूचित गरिन्छ।**

**सेन्ट्रल ईन्जिनियरिङ्ग क्याम्पस**
**बालकुमारी, ललितपुर।**
**फोन नः- ०१-५२०२४१४**
**मोबाईल नं. : ९८६०४६८३४७, ९८१३३१३३६६, ९८४१०१३७८८**

# खोप लगाउने व्यक्तिको विवरण सूचीकृत गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसफ्या मन्त्रालयले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप लगाउने व्यक्तिको विवरण सूचीकृत गर्न थालेको छ। मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा.गुणनिधि शर्माका अनुसारले खोप लगाउने व्यक्तिको विवरण विद्युतीय प्रणालीमा तयार गरी मन्त्रालयमा पठाउन सबै स्वास्थ्य संस्थालाई निर्देशन दिइएको छ। भारत सरकारबाट अनुदानमा प्राप्त कोभिशिल्ड खोप लगाउनका लागि संघ, प्रदेश र स्थानीय तहमा सूचीकृत भएका सबै प्रकारका स्वास्थ्य संस्थालाई मन्त्रालयको वेवसाइटमा लगईन गरी तोकेको ढाँचामा विद्युतीय प्रणालीमा दुई दिनभित्र पठाउन विहिबार निर्देशन दिइएको हो।

वरिष्ठ स्वास्थ्य प्रशासक डा शर्माका अनुसार स्वास्स्थ्य संस्थामा कार्यरत कोभिड-१९ व्यवस्थापनमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सहयोगी कर्मचारी, एम्बुलेन्स तथा शहवाहन चालक, कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका शवको व्यवस्थापनमा खटिने सुरक्षाकर्मी, स्थानीय तहमा कार्यरत फोहोर व्यवस्थापन तथा सरसफाईकर्मीको सूचीसम्बन्धित संस्था प्रमुखद्वारा प्रमाणित गरी मन्त्रालयको विद्युतीय प्रणालीमा पठाउनुपर्ने हुन्छ। मन्त्रालयका उपसचिव मुक्ति खनाल अहिलेसम्म ५० हजारभन्दा बढी खोप लगाउने व्यक्ति सूचीकृत गरिएको जानकारी दिएका छन्।

# जागरणमुखी अभियान सञ्चालन गर्न आग्रह

**काठमाडौं(प्रस)–** कृषि तथा पशपन्छी विकास मन्त्री पद्माकुमारी अर्यालले पशु स्वास्थ्यसम्वन्धी जागरणमुखी अभियान सञ्चालन गर्न नेपाल पशुचिकित्सा परिषद्लाई सुझाव दिएकी छन्।

नेपाल पशुचिकित्सा परिषद्को नवनिर्वाचित नेतृत्वलाई बधाई दिन आज आयोजित कार्यक्रममा उहाँले शुभकामना तथा बधाई व्यक्त गर्दै पशु स्वास्थ्यसम्बन्धी जागरणमुखी अभियान सञ्चालनका बारेमा कार्यक्रम बनाउन निर्देशन दिएकी हुन्।

पशु स्वास्थ्य प्रत्यक्ष मानव स्वास्थ्यसँग जोडिएको विषय भए पनि नेपाली समाजमा पशु स्वास्थ्यलाई त्यति महत्त्व नदिने प्रवृत्ति रहेको प्रसंग जोड्दै उनले पशु स्वास्थ्यको विषयलाई अभियानकै रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेको औँल्याइन्। मानव स्वास्थ्य पशुस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय हो तर पशु स्वास्थ्यका सन्दर्भमा त्यति सचेत नहुने प्रवृत्ति हामी कहाँ हिजोदेखि नै रहिआएको भन्दै उनले अहिले विस्तारै पशु स्वास्थ्यप्रति सचेत हुने वातावरण बन्दैगरेको बताइन्। रासस

## सूचना ! सूचना !! सूचना !!!

**Himalayan Valley Nepal Pvt.Ltd.** (ई.प.नं. १५२६/७४/७५) मा Ojaswi Bajagain (ना.प्र. 27-01-73-08511 ) office secretery पदमा, Sabina Pokharel (ना.प्र.322080 -770 ) acountain पदमा, laxmi Gurung (ना.प्र.1013- 109 ) receptionst पदमा, Tirtha Kumar Basnet (ना.प्र. 052004-8807 ) documentation पदमा र Sujan Kumar Rai (ना.प्र. 1307 ) public relation officer पदमा, यस प्रा. लि. मा काम गर्दै आउनु भएको र कोभिड–१९ का कारण व्यावसाय धरापमा परेकाले निज व्यक्तिहरूलाई यस प्रा. लि. बाट कटौती गरिएको जानकारी गराइन्छ। यस प्र.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ।

श्रम ईजाजत नं. १५२६/०७४/०७५

**Himalayan Valley Nepal Pvt.Ltd.**
Gausala-9, Kathmandu, Nepal, Tel : +977-1- 4110403,4110453
E-mail : info@himalayan.com.np, hvnepal11@gmail.com

## आजको राशिफल

**ज्योतिषाचार्य रोदना घिमिरे**
**उपप्राध्यापक**

आज मिति २०७७ साल माघ १० गते
दशमी तिथि, पौष शुक्लपक्ष : सुर्योदय ६:५६
सुर्यास्त १७: ३६ । अष्टमीव्रत ।

| | |
|---|---|
| **मेष** | शत्रुपक्ष कमजोर हुँदा मित्रजनबाट सुख प्राप्त हुनेछ। |
| **वृष** | अनावश्यक विवादका कारण मानसिक चिन्ता बढ्नेछ। |
| **मिथुन** | मिष्ठान्न भोजन मिल्नाले मन खुशि हुंनेछ। |
| **कर्कट** | स्वास्थ्य राम्रो हुंदा काम गर्ने जोश जाँगर बढ्नेछ। |
| **सिंह** | आफु बसेको ठाउँ छोडेर अन्यत्र जानुपर्ने हुंन सक्छ। |
| **कन्या** | आर्थिक संकटका कारण घर परिवारका झमेला आउन सक्छ। |
| **तुला** | दिदीबहिनीहरूको सहयोगले काम सफल हुनेछ। |
| **वृश्चिक** | अतिथिलाई सम्मान गर्ने मौका मिल्न सक्नेछ। |
| **धनु** | विधा र बुद्धिको विकासका कारण मन प्रसन्न हुंनेछ। |
| **मकर** | राज्यको पक्षबाट भय को सामना गर्नुपर्ने हुंन सक्छ। |
| **कुम्भ** | आफुले गरेका काममा विजय प्राप्त हुंन सक्नेछ। |
| **मीन** | नाता कुटुम्बसंग जमघट गर्ने अवसर मिल्न सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ ९ गते, २०७७, २२ जनवरी २०२१)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**सालझण्डी-ढोरपाटन सडक आयोजना**
रूपन्देहीको सालझण्डीदेखि बागलुङको ढोरपाटन जोड्ने राष्ट्रिय प्राथमिकताको आयोजनाअन्तर्गत ढोरपाटन नगरपालिका-९ मा सडक स्तरोन्नतिको काम गरिँदै । तस्बिरः रासस

# अटो चलाउन छाडेर 'ब्लक' उत्पादनमा

**महेन्द्रनगर–** कञ्चनपुरको बेलौरी नगरपालिका-३ नयाँबस्तीका दलबहादुर कार्की डेढ वर्ष अटो चलाएर जीविकोपार्जन गर्न खटेका थिए । ग्रामीण भेगमा अटो चलाएर घर परिवारको खर्च चलाउँदै आएका कार्कीले अहिले भने घरमै 'इन्टरलक ब्लक' (सिमेन्टको इँटा) उत्पादन गरी गाउँघरमै बिक्री वितरण गरिरहेका छन् ।

बेलौरीमा पाँचदिने ब्लक बनाउने तालीम लिएर गाउँमै सानो उद्योग सञ्चालन गरिरहेका कार्कीले यतिबेला गाउँमा पाँच जनालाई रोजगारीसमेत दिएका छन् । 'अटो चलाउँदा कच्ची सडकमा कमाएको जति अटोमै खर्च हुने अवस्था आएपछि व्यवसाय परिवर्तनको सोच बनाएँ,' कार्कीले भने, 'अहिले दैनिक पाँच सय ब्लक तयार गरिरहेको छ ।'

कार्कीसहित एक महिनायता उक्त उद्योगमा सातजना कार्यरत छन् । आठ हजार ब्लक मौज्दात रहेको बताउँदै कार्कीले यहाँको दक्षिण क्षेत्रमा ब्लकको माग बढिरहेको जानकारी दिएका छन् । प्रतिब्लक रु ४५ मा बिक्री भइरहेको उद्योग सञ्चालनका लागि नेपाल राष्ट्रिय समाज कल्याण संघ (एनएनएसडब्लुए) बाट अनुदान सहयोग मिलेको छ । 'ब्लक बनाउने तालीमदेखि प्रेसर मेसिनसम्म हामीलाई एनएनएसडब्लुएबाट सहयोग पाइएको हो,' उनले भने, 'अहिलेसम्म एक हजार ब्लक बिक्री भइसकेको छ ।' उनले घर बनाउँदा इँटाको ठाउँमा ब्लक प्रयोग गर्दा टिकाउ र भरपर्दो हुनाले माग बढिरहेको बताए ।

त्यसैगरी बेलौरीकै स्थानीयवासी सुकबहादुर राना पनि यतिबेला इन्टरलक ब्लक बनाएर बिक्री वितरणमा सक्रिय भएका छन् । 'लकडाउनअघि भारतबाट मजदूर गरेर फर्किएको थिए,' रानाले भने, 'गाउँमा बेरोजगार भएर बसिरहेका बेला ब्लक बनाउने तालिम लिएँ, अहिले नतिजा राम्रै आएको छ ।' गाउँमै युवाहरू मिलेर काम गरिरहेको बताउँदै रानाले भारतमा विगतमा गर्ने गरेको मिहिनेत अब स्वदेशमै गर्ने योजनामा रहेको जानकारी दिएका छन् ।

'ब्लक प्रयोग गरेर घर बनाउने हालैबाट शुरु भएकाले यसको माग पनि बढ्नेमा आसावादी छौँ,' रानाले भने, 'गाउँका अरू युवाहरूलाई पनि आयमूलक काममा जोड्ने सोचमा छौँ ।'

नेपाल राष्ट्रिय समाज कल्याण संघका जीविकोपार्जन कार्यक्रमका संयोजक राजकुमार सुनारले यहाँको बेलौरी र लालझाँडी गाउँपालिकाका तीनवटा स्थानमा इन्टरलक ब्लक बनाउने उद्योग सञ्चालनमा ल्याइएको बताएका छन् । 'हामीले जीविकोपार्जन कार्यक्रमअन्तर्गत अनुदान कोषबाट रकम दिएर युवाहरूलाई उक्त उद्योगमा लगाएका हौं,' संयोजक सुनारले भने, 'बेरोजगार युवालाई आयमूलक काममा लगाउने लक्ष्यअनुसार उद्योग सञ्चालनमा सहयोग गर्दै आएका छौं ।'

उनले उक्त कार्यक्रमअन्तर्गत ग्रामीण बस्तीमा समूह तथा सहकारी सञ्चालनमा ल्याएर स्थानीयवासी तरकारी खेती, माछापालन, च्याउ खेती, पशुपालनलगायत विभिन्न आयमूलक काममा लागिरहेको जानकारी दिए । रासस

# वैज्ञानिक वन कार्यक्रमलाई निरन्तरता दिन आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैज्ञानिक वन कार्यक्रमलाई निरन्तरता दिन नेपाली कांग्रेसले आग्रह गरेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने क्रममा देखा पर्न जाने सुशासन र पारदर्शिताका समस्यालाई व्यवस्थापन गर्दै कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरेको हो ।

करिब आठ महिनादेखि सालका काठ, दाउराको कटान, मुछान, बिक्री वितरण र ओसारपसारमा लगाइएको रोकावट अझै नखुल्दा लाखौं घनफिट साल काठ अलपत्र परेको अवस्थामा कांग्रेसले सो माग गरेको छ ।

नेपालको वन स्रोतको दिगो व्यवस्थापन गर्न तथा वन्य स्रोतबाट आय र रोजगारी सिर्जना गरी समृद्धिमा टेवा पुर्‍याउन एवं वन पैदावार आपूर्तिमा आत्मनिर्भरता बनाउन उक्त कार्यक्रमको निरन्तरता अति आवश्यक रहेको कांग्रेसको वन वातावरण तथा विपद् व्यवस्थापन केन्द्रीय विभागले जनाएको छ ।

वैज्ञानिक वन व्यवस्थापनका नाममा अनियमित तरिकाले काठ कटान भएको समाचार सार्वजनिक भएपछि नेपाल सरकारले गत जेठ १५ गते मन्त्रिपरिषद्को निर्णयमार्फत रुख कटान सङ्कलन ढुवानी र ओसारपसारमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । आम गुनासोपछि सरकारले जेठ २८ गते सालबाहेकका अन्य प्रजाति काठको सङ्कलन ढुवानी खुलाउने निर्णय गरे पनि सालको काठमाथि प्रतिबन्ध यथावत् छ ।

विभाग प्रमुख अम्बिका बस्नेतले कांग्रेस नेतृत्वको तत्कालीन सरकारले समृद्धिका लागि वन भन्ने उद्देश्यका साथ वन नीति ०७१ जारी गरी वनमा आधारित उद्यमबाट देशमा आय र रोजगारी सिर्जना गरी राजस्व वृद्धि गर्ने र निर्यात घटाउने हेतुले सो कार्यक्रम लागू गरेको स्मरण गराएकी छन् ।

वनको वैज्ञानिक व्यवस्थापन गर्न आवधिक १० वर्षे र दीर्घकालीन ८० वर्षे योजनासहित विसं २०७१ बाट प्रारम्भ गरिएको कार्यक्रमले वन्य स्रोतको उत्पादकत्त्व र उत्पादन वृद्धि गरी वनको दिगो व्यवस्थापनलाई सुनिश्चित गर्नुको साथै जैविक विविधता र अन्य वातावरणीय सेवालाई पनि टेवा पुर्‍याउँदै आएको छ । वैज्ञानिक वन व्यवस्थापनबाट उपभोक्ता समूह, वन उद्यमी र सरकार लाभान्वित हुँदै गएको विज्ञप्तिमार्फत उल्लेख गर्दै उनले वन नीतिको उद्देश्यअनुरूप चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि यस कार्यक्रमले निरन्तरता पाएको बताएकी छन् ।

वन उपभोक्ताको र वन उद्यमीको हित, वनको विज्ञान, माग र आपूर्तिको नियम तथा बजारको सिद्धान्त विपरित वन पैदावारको संकलन, ओसारपसार एवं बिक्री वितरणलाई नै प्रभावित हुने गरी रोक लगाउन नहुने उनको टिप्पणी छ ।

# 'सडक बालबालिकामुक्त राष्ट्र' निर्माणमा सक्रियता

■ सुशील दर्नाल

**काठमाडौं–** सरकारले 'सडक बालबालिकामुक्त राष्ट्र' निर्माण अभियानलाई तीव्रता दिएको छ । अभियानअन्तर्गत सरकारले २०७३ वैशाख २७ गतेदेखि एकातिर बालबालिकालाई सडकसम्म आउन नदिन परिवारमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र अर्कोतिर सडकमा आएका बालबालिकालाई उद्धार गर्ने कार्यलाई सँगसँगै अगाडि बढाएको छ । चालु आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त बनाउने सकारको लक्ष्य छ ।

राष्ट्रिय बालअधिकार परिषद्का अनुसार चालु आव गत साउनदेखि माघको पहिलो हप्तासम्म सडकबाट १७२ जना (१५४ बालक र १८ बालिका) बालबालिका उद्धार गरिएको छ । अभियान शुरु भएदेखि हालसम्म एक हजार ६४८ जना (१,४३५ बालक, २१३ बालिका) बालबालिकाको उद्धार गरी परिवारमा पुनर्मिलन, सुधार केन्द्र र बालगृहमा राखिएको छ । एक हजार ६४८ मध्ये ५५ प्रतिशत परिवारमा पुनर्मिलन, ३५ प्रतिशतलाई सुधार केन्द्रमा र १० प्रतिशतलाई बालगृहमा राखिएको परिषद्का प्रवक्ता रामबहादुर चन्दले जानकारी दिएका छन् ।

उद्धार गरिएका करिब ९० प्रतिशत बालबालिकाले लागुऔषध सेवन गर्ने गरेको पाइएको छ । लागुऔषधमा लागेका बालबालिकालाई करिब दुई वर्ष सुधार केन्द्रमा राखेर परिवारमा नै पुनर्मिलन गर्ने गरिएको छ । बालबालिका खोजतलास समन्वय केन्द्रको सहकार्यमा काठमाडौंबाट शुरु भएको अभियान अहिले सडक बालबालिका बढी भएका शहर कास्की, सुर्खेत, रूपन्देही, इटहरी, विराटनगर र नारायणघाटमा समेत सञ्चालन गरिएको छ ।

'अहिले काठमाडौं उपत्यकाका सडकमा बालबालिका छन् भनेर जाने हो भने दिउँसोमा देखिँदैन । दुई/तीन वर्षदेखि रातिको समयमा उद्धार गर्ने गरिएको छ, उद्धारपछि पनि केही बालबालिका सडकमा देखिए भन्ने छ, तीमध्ये केही बालबालिका नयाँ छन् । गत वर्ष १६५ नयाँ बालबालिका र २१७ पुरानै वा पुनः सडकमै पुगेकालाई उद्धार गदिएको थियो,' प्रवक्ता चन्दले भने । परिषद्का अनुसार एकथरी बालबालिका आफ्नो जीवन निर्वाह गर्न बाध्यात्मक परिस्थितिमा सडकमा आउँछन् भने अर्को राति सडकमा नदेखिने तर दिउँसोको समयमै बाबुआमाले नै सडकमा माग्न पठाउने गरेको पाइएको छ ।

प्रवक्ता चन्दले भने, 'अहिले दिउँसोतिर सडकमा माग्ने तर राति सुत्ने बस्ने व्यवस्था भएका बालबालिका देखिएका छन्, छोराछोरीसहित आमाबाबु पनि सडकमै माग्ने गरेको पाइएको छ, सरकारको सडक मानवमुक्त बनाउने लक्ष्य छ, त्यसअनुसार आमाबाबुकै व्यवस्थापन भयो भने पूर्णरूपमा सडक बालबालिकामुक्त हुन सक्छ ।'

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिएबमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ । नवजीवन सरोकार समाजका अध्यक्ष दुर्गानाथ दाहालले सडक मानवमुक्त बनाउने भनेर सरकारले सडकबाट बालबालिकालाई उठाएर एउटा कोठामा लगेर राख्नेभन्दा उनीहरूलाई आयआर्जनमा लगाउन सकेको खण्डमा मात्रै दीर्घकालीन समाधान हुने तर्क गर्छन् ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा सडक बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाउने, सडकमा आएका बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण केन्द्र राख्ने एवं परिवारमा पुनः एकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने, पारिवारिक सहयोग तथा मनोसामाजिक परामर्श गर्नेजस्ता कार्य समावेश गरिएको छ ।

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले, 'सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, ०७२' जारी गरी तत्कालीन केन्द्रीय बाल कल्याण समितिको संयोजनमा ०७३ बैशाखदेखि काठमाडौं उपत्यकाका सडकमा जीवनयापन गरिरहेका बालबालिकाको उद्धार, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनःएकीकरण, संस्थागत पुनःस्थापनालगायत आवश्यक तालीम प्रदान गर्नेजस्ता कार्य सञ्चालन गरेकामा सो कार्य हाल राष्ट्रिय बाल अधिकार परिषद्ले सक्रियताका साथ निरन्तरता दिइरहेको छ ।

राष्ट्रिय बाल दिवस, २०७७ को अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले आव ०७७/७८ भित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने नीति लिइएको सन्देश दिनुभएको थियो । यो कार्यक्रम शुरु भएदेखि ०७७ असार मसान्तसम्ममा एक हजार २३५ बालक र १९८ बालिका गरी जम्मा एक हजार ४३३ बालबालिकाको उद्धार र व्यवस्थापन गरिएको थियो । ती बालबालिकामध्ये जातिगत आधारमा सबैभन्दा बढी आदिवासी/जनजातिका ६७३ जना (४७ प्रतिशत), ब्राह्मणा/क्षेत्री ४०७ जना (२८ प्रतिशत), दलित २७१ जना (१९ प्रतिशत ), मधेशी ७२ जना (५ प्रतिशत) र अन्य १० जना (१ प्रतिशत) रहेको छ । तीमध्ये ९७५ जना बालबालिकाको (६८ प्रतिशत ) दुवै बाबुआमा जीवित रहेको र १७२ जनाको (१२ प्रतिशत) दुवै बाबुआमाको मृत्यु भइसकेको पाइएको छ ।

ती बालबालिका अधिकांश काठमाडौं उपत्यका र वरिपरि वा नजिकका जिल्लाका बढी रहेका छन् । यसबाहेक भारतबाट आएका बालबालिका ३० जना (२ प्रतिशत) रहेका छन् । उद्धार गरिएका कूल बालबालिकामध्ये हाल सम्पर्क गृहमा रहेका २५५, सामाजिकीकरण केन्द्रहरूमा रहेका ९९ जना, विभिन्न बालगृहमा संरक्षणमा रहेका ५० जना, पारिवारिक पुनःएकीकरण भएका ८१०, विभिन्न तालीममा पठाइएका १८४ र तालीम पूरा गरी काममा संलग्न रहेका ५९ रहेका छन् । आर्थिक वर्ष २०७६/७७ मा जम्मा ५७४ बालबालिका (बालक ४६५ र बालिका १०९) उद्धार गरी व्यवस्थापन गरिएको थियो । तीमध्ये प्रदेश १ का १८ सुनसरीमा, गण्डकी प्रदेशका २७ पोखरामा र कर्णाली प्रदेशका १८ सुर्खेतमा व्यवस्थापन गरिएको थियो । रासस

# भरतपुर अस्पतालमा विशिष्टीकृत बहिरंग सेवा



**चितवन–** भरतपुर अस्पतालमा विशिष्टीकृत बहिरङ्ग सेवा सुरु भएको छ । राजधानीबाहिरका १९ जिल्लाका बिरामीको उपचार गर्ने थलो भरतपुर अस्पतालमा विशिष्टीकृत बहिरङ्ग सेवा सञ्चालन गरिने भएको हो । महत्वपूर्ण विभागमा रोगका सम्बन्धित विशेषज्ञबाट उपचार गर्ने गरी सेवा सञ्चालन गर्न लागिएको छ ।

अस्पतालमा डक्टर इन मेडिसिन (डिएम), सम्बन्धित विषयमा फेलोसिप, एमसिएचजस्ता विशिष्टीकृत अध्ययन र तालीम गरेका चिकित्सक भएर पनि सबै खालका बिरामी हेर्दै आएका छन् । अस्पतालले त्यस्ता बिरामीलाई सम्बन्धित चिकित्सकबाट उपचार गर्ने व्यवस्था मिलाउन लागेको हो । हाल सञ्चालनमा रहेका विभागभित्र पनि विशिष्टीकृत विभागहरू हुनेछन् ।

अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारीले भने, 'अब भरतपुर अस्पतालमा मुटु, मिर्गौलाजस्ता अङ्गहरूको उपचारसँग सम्बन्धित अध्ययन तथा तालीम लिएका विशेषज्ञ चिकित्सकले विशिष्टीकृत सेवा दिँदै छौँ ।'

हाल अस्पतालमा त्यस्ता अध्ययन गरेका विशेषज्ञले सबै खालका बिरामी हेर्दै आएका छन् । जसका कारण अस्पतालमा आएर पनि सम्बन्धित विशेषज्ञ फेला नपारेपछि विशिष्टीकृत सेवाका लागि बिरामी निजी मेडिकल कलेजमा जाने गरेका छन् ।

भरतपुर अस्पतालमा डिएम, एमसिएच, फेलोसिपजस्ता विशिष्टीकृत अध्ययन र तालीम लिएका चिकित्सक भएर पनि सम्बन्धित विभागको अभावमा समग्र बिरामीलाई हेरिरहेको अवस्था छ । अधिकारीले आउँदो दुई महिनाभित्रमा विशिष्टीकृत सेवा दिनका लागि गुणस्तर सुधार उपसमिति गठन गरी काम अघि बढाएको बताए । सरकारी अस्पतलामा काठमाडौँको वीर अस्पतालपछि विशिष्टीकृत बहिरङ्ग सेवा दिने भरतपुर अस्पताल पहिलो हुने उनले जानकारी दिएका छन् ।

अस्पताल विकास समितिका सदस्य केशव देवकोटाको संयोजकत्त्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । सो समितिले विशिष्टीकृत सेवाका अतिरिक्त अस्पतालको शुल्क परिमार्जनका लागि विकास समितिमा प्रतिवेदन पेश गर्नेछ । अधिकारीले भने, 'लामो समयदेखि अस्पतालको सेवा शुल्क एकै भएकाले कतिपयमा बढाउनुपर्ने र कतिपयमा घटाउनुपर्ने देखिन्छ ।' समितिको प्रतिवेदनका आधारमा शुल्क समायोजन गरिने उनको भनाइ छ ।

अस्पतलाको कतिपय शुल्क निजीसरह छ भने कतिपय साह्रै न्यून छ । समितिका संयोजक देवकोटाले अस्पतलामा भइरहेको सेवाको गुणस्तर सुधारका लागि विस्तृत अध्ययन गरेर दुई हप्ताभित्र प्रतिवेदन पेश गर्ने बताएका छन् । उनले विशिष्टीकृत बहिरङ्ग सेवा, शुल्क समायोजनसँगै अस्पतालको सेवाको गुणस्तर विकासका लागि महत्वपूर्ण हुने गरी प्रतिवेदन तयार गरिने जानकारी दिए । अस्पतालको सूक्ष्म अध्ययन गरेर गुणात्मक सुधारमा जोड दिन लागिएको छ । अस्पतालमा आएका बिरामीलाई पालो कुर्न, औषधि किन्दा सहजता दिलाउन, स्वास्थ्य बिमा सहज बनाउन समितिले काम गर्ने देवकोटाको भनाइ छ । रासस

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राजा बन्ने सपना त्याग

अहिलेको सरकारले हद नाघ्न थालेको छ । खासगरी प्रधानमन्त्रीमा यत्ति घमण्ड बढेको छ कि उनले आफू सत्ताबाट कहिल्यै नउत्रने वा बाचुन्जेलसम्म शासन सत्तामा रहने गरी अभिव्यक्ति दिन थालेका छन् । लोकतन्त्रका नाममा प्रधानमन्त्रीले राजा बन्ने सपना साँच्न थालेका छन् । उनले राजर्षी ठाँट खोज्न थालेका छन् । उनले आफूलाई सञ्चारमाध्यमबाट हेपिएको भनेर ठ्याक्कै त भनेका छैनन् तर उनले समाचारमा राजालाई गरिने सम्बोधन आफूले पाउनुपर्ने किनभने आफू यो देशको शासक भएको भनेर भनेका छन् । आफू शासक भएकाले आफूलाई मान, मर्यादा गर्नुपर्ने भनेर स्पष्ट रूपमा भनिसकेका छन् । उनले आफूलाई आमसञ्चार माध्यममा ... तिमी□ भनेर सम्बोधन गरिएको भन्दै आफूलाई आदरार्थी शब्द प्रयोग गर्न भनेका छन् ।

प्रधानमन्त्रीले त्रकारलाई भाषा सिकाउँदै हिजो राजपरिवारलाई कसरी सम्बोधन गरिन्थ्यो, त्यहि शैलीमा आफूलाई पनि सम्बोधन गर्न भनेका छन् । मुलुकमा गणतन्त्र आइसक्दा पनि प्रधानमन्त्रीमा राजा बन्ने इच्छा पलाएको देखिएको छ । सञ्चार माध्यमले सबै पाठकलाई उहि वर्गमा राख्ने हुनाले उसले आफ्नो सम्बोधनमा एकरूपता ल्याएको हो । तर, अहिले मात्र नभएर केही वर्ष अघिदेखि नै प्रधानमन्त्रीले आफूलाई गरेको सम्बोधनप्रति असन्तुष्टि जनाउँदै आएका थिए । अहिले पनि आफूलाई राजा ठानेर आफूलाई उच्चआदरार्थी शब्द प्रयोग गर्न माग गरेका छन् । सञ्चारमाध्यमका लागि को ठूलो ? को सानो ? भन्ने नभएकाले सबैलाई एउटै सम्बोधन गरेको भए पनि प्रधानमन्त्रीले पत्रकारले प्रयोग गर्ने भाषाका विषयमा असन्तुष्टि जनाएका छन् । उनले अंग्रेजी भाषाको प्रभावबाट आफ्नो भाषा बिर्सिएको भन्दै असन्तोष व्यक्त गरेका हुन् । दशक अघिसम्म यहि सञ्चारमाध्यमले राजा र राजपरिवारलाई उच्च आदरार्थी सम्बोधन गरेको भए पनि अहिले भने यस्तो नगरिएको भन्दै चित्त दुखाएका छन् ।

हो, त्यसबेला सञ्चारमाध्यमले उच्च आदरार्थी सम्बोधन गर्ने गरिन्थ्यो किनभने त्यसबेला राजतन्त्र नै थियो । नेताहरूले नै कानुनभन्दा कोही माथि हुनु हुँदैन भनेर भनेका थिए । राजालाई अत्यन्तै उच्च आदरार्थी सम्बोधन गर्दा नेताहरूलाई चित्त नबुझेर नै मुलुकमा गणतन्त्रको स्थापना भएको हो । तर, आज जसै उनीहरू सत्ता सञ्चालन तहमा पुगे तब उनीहरूले मान, सम्मान मात्र होइन, उच्च आदरार्थी सम्बोधनको अपेक्षा गरेका छन् । हिजो राजतन्त्र हुँदा, राजा हुँदा, राजाका श्रीमती छोराछोरीलाई उच्च आदरार्थी सम्बोधन गरिएको तर अहिलेका शासकहरूलाई भने हेपेको भनेर भनेका छन् । राजाहरूलाई खाइबक्स्यो, हिंडिबक्स्यो भन्ने सञ्चारमाध्यमहरूले आज खानुभयो हिँड्नुभयो भन्न पनि नसक्ने भन्दै पत्रकारहरूको कटाक्ष गरेका छन् । पत्रकारहरूले शासक वर्गलाई दिनुपर्ने सम्मान दिन नसकेको भन्दै भाषाका कारण सभ्यता नै भूलेको प्रधानमन्त्रीको आरोप छ । सञ्चारमाध्यमले शासकहरूको भूमिकाको अपमान गरेको भनेर प्रधानमन्त्रीबाट उच्च आदरार्थी सम्बोधन खोजेर जग हँसाउने काम भइरहेको छ । यहि अवगुणका कारण मुलुकमा गणतन्त्र आएको हो तर यहि बीचमा अहिलेका शासकहरूले राजा बन्ने योजना बनाएको भए यो सफल हुने छैन ।



गोविन्द अधिकारी

# कांग्रेस यस्तै हो

अहिले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच ठूलै मतभेद देखिएको छ । सभापति देउवा प्रतिनिधि सभाको मध्यावधि चुनावको र नेता पौडेल पुनर्स्थापनाका पक्षमा रहेकाले उनीहरूबीच ठूलै मतभेद रहेको मान्नेहरूको संख्या धेरै नै छ । कम्युनिस्टहरू त यति मतभेद भएपछि एउटै पार्टीमा पनि सायद बस्नै सक्तैन थिए । परन्तु, देउवा र पौडेलबीच जति नै मतभेद भए पनि कांग्रेस एउटै छ र सम्भवतः रहिरहने पनि छ । संसारमा धेरै विषय बाहिर जे देखिन्छ भित्र त्यही सत्य नहुन पनि सक्छ । नेपाली कांग्रेस पनि यस्तै हो ।

### सधैंको दुईधार

स्थापना कालदेखि नै यस पार्टीमा सधैं दुईवटा विचारको तानातान रह्यो । लोकतन्त्र र राष्ट्रियताप्रति मात्र सबै कांग्रेसको प्रतिबद्धता सधैं देखिएको छ । राष्ट्रिय कांग्रेस गठन भएलगत्तै राणा शासन हटाउन शान्तिपूर्ण आन्दोलन गर्ने कि सशस्त्र क्रान्ति भन्नेमा विवाद भयो । बिपी कोइरालाहरूले सुवर्ण शम्शेरहरूसँग मिलेर सशस्त्र क्रान्तिको बाटो रोजे । डा.डिल्लीरमण रेग्मी अलग्गिए । सशस्त्र जनक्रान्ति भयो । दिल्ली सम्झौता अस्विकार गरेर डा. केआई सिंहले विद्रोहै गरे । राजाको भूमिकाका सम्बन्धमा विवाद भयो । मातृकाप्रसाद कोइराला अलग्गिए । संविधान सभाको निर्वाचन मागेर सत्याग्रह गर्ने विषयमा पनि मतभेद थियो । सुवर्ण शम्शेरले सभापतिबाट राजीनामा दिएर आन्दोलनको बाटो खोलिदिएका थिए ।

राजा महेन्द्रले ०१७ सालमा लोकतन्त्र समाप्त पारे । नेपाली कांग्रेसकै कतिपय नेता कारागारमा, अधिकांश निर्वासनमा गए भने केही राजाका साथमा पनि गए । त्यस्तै ०१८ सालको सशस्त्र आन्दोलनप्रति पनि कांग्रेसको दृष्टिकोण विभाजित थियो । कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय, श्रीभद्र शर्माहरू निर्वासनमा जाने र हतियार उठाउने नीतिमा कहिल्यै सहमत भएनन् । सुवर्ण शमशेरले भारतको दबाबमा सशस्त्र आन्दोलन स्थगित गर्दा पनि सरोज कोइरालाहरूले विद्रोह गरेका थिए ।

बिपीले भारतमा बसेर सशस्त्र आन्दोलन सुरु गर्दा पनि देशभित्र र बाहिरसमेत कांग्रेसहरू दुई खेमा विभाजित थिए । बिपी मेलमिलापमा नीति लिएर स्वदेश फर्केपछि पनि दुई खेमा कायमै रह्यो । जनमत संग्रहको परिणाम स्वीकार गर्ने र नगर्ने, पञ्चायतमा भाग लिने र नलिने, पञ्चायतको विकल्प खोज्ने कि सत्याग्रह गर्ने, जनआन्दोलन गर्ने कि नगर्ने हुँदै बाह्रबुँदे दिल्ली सम्झौताको पक्ष र विपक्षमा पनि नेपाली कांग्रेसका कार्यकर्ता विभाजितै रहे । यति हुँदाहुँदै पनि पार्टी दुई चिरा भएर विभाजित भएन ।

सभापति कृष्णप्रसाद भट्टराई उपचुनाव हारेपछि सडकमा देखिएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको विरोध हेर्दा कांग्रेस पक्कै फुट्छ भन्ने ठान्नेहरू कांग्रेसभित्रै पनि थोरै थिएनन् । पछि ०५८ मा पनि प्रधानमन्त्री देउवा राजाको बहकाउमा धेरै नलागेको भए पार्टी सायद फुटिहाल्ने थिएन । तर, नेपाली कांग्रेस (प्रजातान्त्रिक) नामको पार्टीले चुनावको सामना गर्नै परेन । नेता कार्यकर्ता सबै पुरानै पार्टीमा फर्के । यसैले अहिले पनि देउवा र पौडेलको बोलीमा जतिसुकै मतभेद देखिए पनि नेपाली कांग्रेस अन्ततः एउटै बाटामा अगाडि बढ्छ भन्ने अनुमान सहजै लगाउन सकिन्छ । कारण, कांग्रेस यस्तै हो ।

### मतभेदै हो त ?

अहिलेको मतभेद यथार्थमा व्यवहार र सिद्धान्तबीचको विवाद पनि हो । आफूलाई ' मध्यमार्गी' भन्न रुचाए पनि नेपाली कांग्रेसका अहिलेका शीर्ष नेताहरू दीक्षाका आधारमा ' वामपन्थी' हुन् । यसैले विद्रोहले उनीहरूलाई स्वाभाविकरूपमा आकर्षित गर्छ । प्रधानमन्त्री केपी ओलीले पार्टीभित्रको किचलो सल्टाउन नसकेको रिस पोख्दै संविधानमै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा भंग गराएर लोकतन्त्रको मर्ममै प्रहार गरेका छन् । सम्भवतः कुनै पनि लोकतन्त्रवादीले ओलीको कदमको समर्थन गर्नै सक्तैन । 'ठिमाहा' लोकतन्त्रका समर्थकले मात्र संविधानमाथि ओलीको प्रहारलाई सही ठान्न सक्लान् । त्यसैले सभापति देउवामाथि ओलीको कदमको समर्थन गरेको वा 'ढुलमुले चरित्र देखाएको'आरोप लगाउनु अन्याय हुन्छ । अर्कातिर, नेता पौडेल पनि 'मांसाहारी' सडक आन्दोलनमा सत्तारुढ दलकै एउटा समूहसँग मिसिन पक्कै तयार हुने छैनन् । के थाहा कदाचित् प्रतिनिधि सभा पुनर्स्थापना भइहाले यिनीहरू फेरि एक भइहाल्ने पो हुन् कि ? माधवकुमार नेपालले प्रतिगमन आधा सचियो भनेर आन्दोलन छाडेर गएको कति वर्षे पो भयो र ?

### कम्युनिस्टलाई लोकतन्त्रको चिन्ता

लोकतन्त्र कम्युनिस्टहरूको चासो र चिन्ताको विषय यसै पनि होइन । लोकतन्त्र र संविधानको रक्षाप्रति नेपाल समूह चिन्तित हुन्थ्यो भने उपसभामुखमा जालझेल गर्दा नै बोल्ने थियो । उपसभामुख संविधानअनुसार अर्को पार्टीको हुनुपर्थ्यो । नेकपाका कुनै नेताले रकमी तर्क गरेर बलजफ्ती संविधान मिच्दा कहिल्यै चिन्ता वा चासो देखाए ? अनि संविधानको रक्षाका लागि चिन्तित 'ठूलाबढा'ले कुनै दिन बोलेको सुनियो ?

तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीलाई बहुमतको दम्भ र राजनीतिक पूर्वाग्रह देखाएर प्रधानन्यायाधीश हुन रोक्दा यीमध्ये कतिले चासो र चिन्ता प्रकट गरेका थिए ? त्यतिबेला न्यायालयको स्वतन्त्रतामा हस्तक्षेप भएकोमा रामचन्द्र पौडेलले आवाज उठाउँदा यीमध्ये कसैले वास्ता नगरेको अहिल्यै सबैले बिर्से होलान् र ?

### कुन नक्कली कुन सक्कली ?

परन्तु, अहिले प्रतिनिधि सभा भंग भएपछि विधिको शासन र लोकतन्त्रको मोह जागेका नेकपाका अरू नेताहरूले ओलीको सरकार गठन भएयता थालिएको राज्यका महत्त्वपूर्ण निकायको साख सिध्याउने खेलमा त साक्षी बसेकै हुन् । न्यायपरिषद्का सदस्यहरूको अनुपस्थितिमा आधारातमा न्यायाधीश चयन गर्नु र संवैधानिक परिषद्को मर्ममै प्रहार गरेर अध्यादेश ल्याई गरिएको बैठकमा प्रधान न्यायाधीश सहभागी हुनु सारमा उस्तै घटना होइनन् र ?

आफ्ना विश्वासपात्रलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा स्थापित गरेर आयोग कब्जा गर्न गरिएको प्रशासनिक चलखेल पनि त विधिको शासनको मर्ममा गरिएको प्रहार नै हो । के नेकपाका नेताहरू त्यति बेला केही बोले ? बोल्दा पनि पार्टीले छान्न नपाएको वा आफ्नो मान्छे नपरेको कुण्ठा मात्र पोखे ।

निर्वाचन आयोगमा प्रमुख आयुक्त नियुक्त गर्दा गरिएको खेलकुद होस् वा मुख्यसचिव नियुक्तिमा वरीयता मिच्न गरिएको जालसाजीमा अहिले विधि र लोकतन्त्रको 'जरो' आउने कुनै कम्युनिस्ट नेताले बोलेनन् । बहालवाला मुख्य सचिवलाई अवधि नपुग्दै राजदूत बनाई प्राकृतिकरूपमा मुख्यसचिवका हकदारको भाग खोसेर समस्त निजामती सेवाको मनोबल खस्कने निर्णयको किन यी कसैले विरोध नगरेका ?

गेजुवालाई बूढीगण्डकी सुम्पिने निर्णय गर्दा त यी दुवै सँगै थिए । एमसिसीका निहुँमा अमेरिका र पश्चिमलाई निषेध गर्ने यिनै दाहालहरू नै होइनन् ? आफूले भनेजस्तो नभए 'आँधीबेहरी आउँछ' भनेको सुन्दा काठमाडौंका सुकिलामुकिला घेर्न देशभरका कार्यकर्ता ल्याएको झल्को आउँदैन ? संविधान सभाको दोस्रो चुनावपछि पुष्पकमल दाहालको नेतृत्वमा मच्चाइएको वितण्डा र चुनावको साख गिराउने प्रपञ्च अहिल्यै बिर्सन सकिन्छ ? मायावी कम्युनिस्टहरूको कुनरूप सक्कली कुन रूप नक्कली ?

### अर्को चुनाव कसरी ?

ओलीको कदम निःसन्देह असंवैधानिक हो र यसले मुलुकलाई फेरि जेठ ०५९ मा फर्काएको छ । अर्थात्, पश्चगामी हो । चुनाव हुने सम्भावना कम छ र पनि प्रतिनिधि सभा भंग गरिएको छ । सर्वोच्च अदालतले संविधानको अक्षर र भावनाअनुरूप न्याय गरे अर्थात् प्रतिनिधि सभा विघटन बदर गरे राजनीतिक शून्यता हुने छैन । तैपनि केही कालसम्म अस्थिरता भने रहिरहनेछ । यसका लागि ओलीलाई इतिहासले क्षमा गर्नेछैन । ज्ञानेन्द्रका पालामा सर्वोच्च अदालतले शाही आयोग खारेज गरिदिएर लोकतन्त्रको दियो जोगाएको थियो । सर्वोच्च अदालतले आफ्नो गरिमामय इतिहास बचाउने अपेक्षा गरिएको छ ।

चुनाव कुनै न कुनै दिन हुन्छ । कम्युनिस्टहरूले आफूले हार्ने चुनाव गराउने छैनन् । त्यति बेला फेरि अर्को खिलराज खोज्ने प्रयत्न हुनेछ । कांग्रेसको नेतृत्वको सरकारले दुईपटक ०६४ र ०७४ मा आफू हार्ने चुनाव गराइसकेको छ । यसैले राष्ट्रिय अन्तर्राष्ट्रिय विश्वास कांग्रेसले पाउन सक्छ । अर्थात् चुनावी सरकारको नेतृत्व कांग्रेसले फेरि गर्नुपर्ने हुन सक्छ ।

### सैद्धान्तिक विमति

नेकपा फुट्न नदिन मरिमेट्ने चीन हामीले अपनाएको नेपालको संविधानको धारा १७ मा उल्लेखित 'स्वतन्त्रताको हक' स्वीकार गर्दैन । व्यवहारमा पनि नेकपाको सरकारले ल्याएका विधेयक वा बनाएको ऐनले उनीहरूको लोकतान्त्रिक प्रतिबद्धता प्रकट भइसकेकै छ । नेकपाका दुवै घटक स्वतन्त्रताको हकमा सिद्धान्ततः विश्वास गर्दैनन् । यसैले कांग्रेसले रणनीतिकरूपमा मात्र होइन सिद्धान्ततः पनि दुवै कम्युनिस्टसँग दूरी कायम गर्नुपर्छ भन्ने सभापति देउवा र नेता पौडेलले मात्र होइन कांग्रेसका सबै नेता कार्यकर्ताले बुझेकै हुनुपर्छ । यसैले आन्दोलन र चुनाव जता जान परे पनि देउवा र पौडेल अन्ततः सँगै हुनेछन् । न पौडेल दाहाल- नेपालको पछि लागेर आन्दोलनमा जान्छन् न देउवा ओलीले चुनाव गराउने कुरा पत्याउनै सक्छन् ।

किनभने कांग्रेस यस्तै हो । बाह्रखरी

> सभापति कृष्णप्रसाद भट्टराई उपचुनाव हारेपछि सडकमा देखिएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको विरोध हेर्दा कांग्रेस पक्कै फुट्छ भन्ने ठान्नेहरू कांग्रेसभित्रै पनि थोरै थिएनन् । पछि ०५८ मा पनि प्रधानमन्त्री देउवा राजाको बहकाउमा धेरै नलागेको भए पार्टी सायद फुटिहाल्ने थिएन ।

## मननयोग्य

# विदुर नीति

अग्लो शरीर, ठूलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सर्तक दृष्टिले उनले सबैतिर हेरे र नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे । केही समयपछि फेरि घोषणा भयो- राज्यशिरोमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल - बगलमा नवयौवनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरएकी मोहनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनासाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो - पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मसखमण्डल, मदिराले लट्ठ भएजस्तै दुई आँखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयं प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भूइँमा ती सुन्दरी माछा उफ्रेजस्तै उफ्री- उफ्री नाचिरहेकी छन् । उनको शरीरमा हाड नै छैनन् भन्नेजस्तै भान परेको छ । धेरै नाचिसकेपछि थाकेकी ती सुन्दरीले राजालाई ढोगिन् । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउँझेजस्तै - जागेजस्तै) याँके । यसका सँगसँगै त्यसरुढोगिन् । नन्दले असर्फीले भरिएको थैलि नर्तकीतिर दरबारमा बसेका सबैले रूपैयाँको भेटी चढाए, रूपैयाँ नै रूपैयाँको बिस्कुनझैं त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको क्रेध उनको मुखमा प्रकट भइरहेन्थ्यो । सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाइँ गरेका भए त्यो आँधी रोक्नसक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाइँ नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किनकि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सञ्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोष कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यत्ति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ, मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । मगधका लागि म आफैं राजाको खोजी गर्नेछु ।

## पत्र-मञ्जुषा

# बहुमतको सरकारले देश बेच्न पाउँछ ?

**सम्पादकज्यू,**

अहिले सत्तारुढ दलको एक खेमाले संसद विघटनको खुलेर नै स्वागत गरेका छन् । यत्ति मात्र होइन कि उनीहरूले त संसद विघटन स्वभाविक भएको भनेर वकालत गरिरहेका छन् । उनीहरूको जिकिर बहुमतको सरकारले गरेको घोषणा वैधानिक हुन्छ भनेर जिकिर गरिरहेका छन् । बहुमतको सरकारले जे गरे पनि हुने हो भने संविधान किन चाहियो ? बहुमतको सरकारले त झन् संविधानको अक्षरशः पालना गर्नुपर्छ । तर, अहिले सत्तापक्षको एक खेमाले भने बहुमतको प्रधानमन्त्रीले संसद विघटन गर्न किन सक्दैन ? भनेर प्रश्न गरिरहेका छन् । उनीहरूको भनाइलाई नै मान्ने हो भने त अब बहुमतको सरकारले नेपाललाई बेच्दा भयो । जसरी सिक्किमलाई लेन्डुप दोर्जेले भारतलाई जिम्मा लगाए, उसरी नै अब मुलुक बेच्दा हुने भएको छ । बहुमतको प्रधानमन्त्रीले संसद विघटन गर्न किन सक्दैन ? भन्ने प्रश्नको जवाफ माग्नुभन्दा पहिले बहुमतको सरकारले संविधान मान्नुपर्छ कि पर्दैन ? भनेर जवाफ दिनुपर्छ ।

प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा अहिले सर्वोच्चमा विचाराधीन छ । यहि बेला सत्तापक्षको एक खेमाको प्रश्न बहुमतको प्रधानमन्त्रीले संसद विघटन गर्न किन पाउँदैन ? भन्ने छ । उनीहरूले नेपालको संविधान, ०७२ को धारा ७६ को व्याख्या त्यसरी गर्न किन मिल्दैन भनेर जिकिर गरिरहेका छन् । तर, संविधानले संसद विघटनको कल्पना नै गरेको छैन । बुहमतको सरकारले संविधान मान्ने हो भने संसद विघटन भएकै छैन यदि बहुमतको सरकारले संविधान मान्नै पर्दैन भने त केही भएन । बहुमत प्राप्त सरकारले गरेको निर्णय नै सर्वोपरी हुने हो भने संविधान लेख्नका लागि राज्यले गरेको यत्तिका लगानी बालुवामा पानी खन्याएसरह भएको छ । संविधानलाई आफ्नो अनुकूल परिभाषा गर्ने हो भने जे भन्दा पनि हुन्छ यदि मुलुक कानुनी राज्य हो भने संसद विघटन गर्न सक्ने अधिकार प्रधानमन्त्रीमा छँदै छैन ।

उपधारा १ मा संसदमा बहुमतप्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री हुने व्यवस्था छ भने उपधारा २ मा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुने व्यवस्था छ । विगतमा पटक-पटक संसद विघटन भएपछि त्यसलाई रोक्ने गरी संविधान जारी गरिएको भए पनि घुमाउरो पाराले नेताहरूले आफू माथि पर्ने गरी काम गर्छन् भने यसबाट देश र जनतालाई धोकाभन्दा अरु केही हुनै सक्दैन । अर्को सरकार गठन हुन सक्ने अवस्था हुँदासम्म संसद विघटन संविधानले परिकल्पना नै नगरेको भए पनि जबर्जस्ती संसद विघटन गर्नु असंवैधानिक नै हो । कुनै एक व्यक्ति/व्यक्तित्वको पद जोगाउनका लाग प्रतिनिधिसभा विघटन गर्ने अधिकार कोही कसैलाई छैन । प्रधानमन्त्रीले आफ्नो पद जोगाउनका लागि गरेको असंवैधानिक कदमलाई समर्थन गर्ने हो भने अब बहुमतको सरकारले मुलुक बेच्न पनि पाउने प्रमाणित हुने देखिन्छ ।

- नवीन राई, इलाम ।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



**मोबाइल चलाउँदै युवक** | तनहुँको ऋषिङगाउँपालिकको ढुंगागाढेमा रहेको ठूलो ढुंगामाथि बसेर मोबाइल चलाउँदै युवक । तस्बिरः रासस

# सडक दुर्घटनामा दुईको मृत्यु

■ प्रभाव संवाददाता

**सप्तरी–** सप्तरीको कञ्चनरूप नगरपालिकामा बिहीबार साँझ भएको ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु भएको छ । कञ्चनरूप-११ ठेलिया टोलको नहरस्थित भित्री सडकखण्डमा प्रदेश-०२-०१-००१ त ००३२ नंको ट्र्याक्टर दुर्घटना हुँदा सोही ठाउँका १८ वर्षीय रामआशिष रामको घटनास्थलमै मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ ।

दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको ट्र्याक्टर आफैँ अनियन्त्रत भई पल्टिँदा ट्र्याक्टरमा सवार कञ्चनरूप-११ का १६ वर्षीय कृष्ण साह, ट्र्याक्टर चालक १७ वर्षीय विशाल राम, १७ वर्षीय सुनिलकुमार राम र अग्निसाइर कृष्णसवरण गाउँपालिका-२ मटिगढाका २१ वर्षीय मदन साह घाइते भएका छन् ।

शरीरका विभिन्न भागमा चोट लागेका घाइते कृष्णको अवस्था गम्भीर छ । ट्र्याक्टर चालक विशालको खुट्टामा, सुनिलको खट्टा, पेट र टाउकामा तथा मदनको टाउकामा चोट लागेको प्रहरीले जानकारी दिएको छ । घाइतेहरूको सप्तरीको रूपनीस्थित युनिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । मृतकको शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको शवगृहमा राखिएको छ ।

दमौली- तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ल्युतपाखामा बिहीबार भएको ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु भएको छ । छिम्केश्वरी आँबुखैरेनी सडकखण्डअन्तर्गत छिम्केश्वरीबाट आँबुखैरेनीतर्फ आउँदै गरेको ग१त ३७७० नंको ट्र्याक्टर अनियन्त्रित भई पल्टिँदा ट्र्याक्टरमा सवार आँबुखैरेनी गाउँपालिका-२ अदुवाखर्कका ३६ वर्षीय केशव दर्लामीको मृत्यु भएको हो ।

# तापखोलामा निर्माणाधीन पक्की पुल अन्तिम चरणमा

**खोटाङ–** जिल्लाको उत्तरी क्षेत्र जोड्ने खार्मी र सप्तेश्वरको सिमानास्थित तापखोलामा निर्माणाधीन मोटरेबल पक्की पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । केपिलासगढी गाउँपालिका-५ सप्तेश्वर र दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीको सिमानामा पर्ने तापखोलामा निर्माणाधीन मोटरेबल पक्की पुल निर्माणको काम अन्तिम चरणमा पुगेको हो ।

केपिलासगढी गाउँपालिकाको रु तीन करोड ८३ लाख २६ हजार ९५९ लागतमा निर्माणाधीन पक्की पुलको काम ९५ प्रतिशत सकिएको निर्माण कम्पनी सूर्य कन्स्ट्रक्सन प्रालिका प्रतिनिधि सुनिल राईले जानकारी दिएका छन् । 'तापखोलामा निर्माणाधीन पक्की पुलको स्ल्याब ढलान र फुटपाथको काम मात्रै बाँकी छ,' उनले भने, 'स्ल्याब ढलानका लागि फर्माको काम सकेर ढलान गर्ने तयारीमा लागेका छौँ । सम्भवतः यही महिना सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गरिनेछ ।'

गत वर्ष नै सकिने पुलको काम विश्वभर फैलिएको कोरोना भाइरसको संक्रमणका कारण वर्ष दिन ढिलो भएको निर्माण कम्पनीले जनाएको छ । दुई वर्षमा सम्पन्न गर्ने गरी १ फागुन ०७५ मा गाउँपालिका र निर्माण कम्पनीबीच सम्झौता भएर बैशाख ०७६ बाट पुल निर्माणको काम शुरु गरिएको थियो ।

गाउँपालिकासँग द्विपक्षीय सम्झौता गरेअनुसार पुल निर्माणको काम बैशाख ०७८ मा सम्पन्न गर्नुपर्ने छ तर निर्माण कम्पनीले सम्पन्न गर्नुपर्ने सम्झौता मितिभन्दा अगाडि नै पुलको काम सम्पन्न गर्न लागेको हो । निर्माण कम्पनीले काम जिम्मा लिएर सम्झौता समयमा काम नसकी लथालिंग बनाइरहँदा उक्त निर्माण कम्पनीले भने दुई वर्षको काम करिब १८ महिनामा सम्पन्न गर्न लागेको जनाइएको छ । पुल नहुँदा यातायातको समस्या झेल्दै आएका गाउँपालिकावासीको समस्यालाई ध्यानमा राखेर गाउँपालिकाले आफ्नै विकास बजेट खर्चेर पुल निर्माणको कामलाई अगाडि सारेको हो ।

तापखोलामा निर्माणाधीन पक्की पुल सञ्चालनमा आएपछि गाउँपालिकाबाट दिक्तेल, तराई र काठमाडौं आवतजावतका साथै दैनिक उपभोग्यवस्तु ढुवानीमा सहज हुने गाउँपालिका प्रमुख कृष्णकुमार राईले बताएका छन् । 'पुल नहुँदा वर्षायाममा करिब छ महिना यातायात सेवा बन्द हुँदै आएको छ,' उनले भने, 'पुल बनेपछि गाउँपालिकाका करिब १४ हजार जनसंख्यालाई आवतजावत गर्न सहज हुनेछ ।'

जिल्लाको उत्तरी क्षेत्रको प्रमुख व्यापारिक केन्द्र बाक्सिला बजार जोड्ने सडकखण्डको तापखोलामा पक्की पुल नहुँदा वर्षायाममा दैनिक उपभोग्यवस्तु ढुवानीमा प्रतिकिलोग्राम रु ८०० सम्म मूल्य बढ्ने गरेको व्यापारीले बताएका छन् । आठ वर्षअघि विसं २०६९ मा हुर्लुङ-जालपा-बाक्सिला (३० किलोमिटर) सडक खुले पनि बीचमा पर्ने उक्त तापखोलामा पुल नहुँदा करिब छ महिना सडक अवरुद्ध हुने गरेको छ ।

दश स्थानीय तह रहेको जिल्लाका सबै स्थानीय तह पछिल्लो समय राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् । कच्ची अवस्थामा सञ्चालन हुँदै आएको सबै स्थानीय तह जोड्ने सडक वर्षा लागेसँगै पक्की पुल अभावमा करिब छ महिना अवरुद्ध हुने गरेको स्थानीय बासिन्दाले बताएका छन् । हिउँदभर करिब छ महिना मात्र सञ्चालन हुने सडकलाई पछिल्लो समय बाह्रै महिना सञ्चालनमा ल्याउन जिल्लाका सबै स्थानीय तहले पहल थालेका छन् । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने दिप्रुङ चुइचुम्मा गाउँपालिकाले पनि आफ्नै लगानीमा साप्सुखोलामा पक्की पुल निर्माणको कामलाई तीव्रगतिमा अगाडि बढाएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका र दिप्रुङ चुइचुम्मा गाउँपालिका जोड्ने साप्सुखोलाको मोटरेबल पुलको काम ३५ प्रतिशत पूरा भएको छ । करिब चार महिना म्याद बाँकी रहँदा उक्त मोटरेबल पुलको काम ६५ प्रतिशत बाँकी देखिएको हो ।

करिब ४० मिटर लम्बाइ भएको पुलको काम निर्धारित समयमै पूरा गर्ने गरी गति दिइएको सूर्य एण्ड सन्स प्रालिका प्रोजेक्ट इन्चार्ज एवं एकाउन्टेन्ट हरिप्रसाद बरालले बताएका छन् । निर्माण कम्पनीका अनुसार प्रिस्ट्रेस बिम पुलको हालसम्म दुवै किनाराको पिलर ठड्याउने काम सम्पन्न भइसकेको छ । रासस

# जसले आफन्त सम्झेर कालिका धामलाई उजिल्याए

■ रविन्द्र काफ्ले

**पाँचथर–** समाजमा आफन्तको निधनपछि पाटी, पौवा, चौतारा निर्माण गर्ने, वरपिपल रोप्ने प्रचलन छ । भौतिक संरचनाको निर्माण र वृक्षरोपणले आफन्तको स्मृति भइरहने, बटुवा आएर भारी बिसाउँदा र आराम गर्दा मृतकको आत्माले शान्ति पाउने र स्मरण हुने जनविश्वास छ । आफन्तको स्मृतिमा प्रशस्तै नमुना कामहरू भएका छन् । त्यस्तै एउटा नमुना काम पाँचथरको याङवरक गाउँपालिका-४ का अस्मिन इधिङ्गो र उनको परिवारले गरेको छ जसकारण यहाँ रहेको धार्मिक पर्यटकीयस्थल कालिका धामले मुहार नै फेरेको छ ।

याङवरक-४ मा स्थायी बसोबास भएका इधिङ्गो पाँच वर्ष दक्षिण कोरियामा रोजगारीमा गई गत फागुनमा नेपाल आएका थिए । बन्दाबन्दीका कारण पुनः तत्कालै कोरिया फर्कनसक्ने अवस्था थिएन । बन्दाबन्दीमा परिवारसँग झापामा रहेका उनलाई आफ्नो पुर्ख्यौली थलो याङवरक-४ थर्पू आएपछि आफन्तको स्मृतिमा यहाँ केही काम गरेर फर्कने दृढ चाहना भयो । जसरी पनि कुनै संरचना बनाइछाड्ने हुटहुटीले इधिङ्गोलाई डोर्‍यायो । यही हुटहुटी र चाहनाले याङवरक-४ मा रहेको कालिका धामको मुहार फेरिएको हो । सामान्य पूर्वाधार निर्माण हुँदै गरेको कालिका धाम अहिले निकै आकर्षक बनेको छ ।

'धार्मिक, ऐतिहासिक र पर्यटकीय यो ठाउँ लथालिङ्ग अवस्थामा देखेपछि यहाँ घेराबारा र प्रवेशद्वार निर्माण गर्ने सोच बनाएर काम थालेको थिएँ,' इधिङ्गोले भने, 'डिजाइन बनाइसकेपछि यहाँका सरोकारवाला र अगुवाहरूसँग परामर्श गरी गाउँपालिकाको अनुमतिमा गत साउन ११ गतेबाट काम थालेको थिएँ ।' तीन महिना नपुग्दै पूर्वाधार निर्माणको सम्पूर्ण काम सम्पन्न भए । इधिङ्गो परिवारको लगानीमा कालिका धाममा दुई दशमलव पाँच मिटर उचाइँ र ७५ मिटर लम्बाइको पक्की कम्पाउन्ड पर्खाल निर्माण गरी रङरोगन गरिनुका साथै सिक्रीसहितको फलामको पोष्ट बन्यो । आधुनिक र आकर्षक मोडलको प्रवेशद्वार निर्माण भयो । प्रवेशद्वारलाई इधिङ्गोले बाबु मनप्रसाद र आमा देशहाङ्माको स्मृतिस्वरूप निर्माण गरेका हुन् । कालिका धामको अगाडिपट्टि निकै आकर्षक परम्परागत ढुङ्गे धारा निर्माण गरी निरन्तर स्वच्छ पानी पिउने प्रबन्ध गरिएको छ । धारालाई इधिङ्गोले आफ्नी दिवंगत बहिनी पद्मावतीको स्मृतिमा निर्माण गरेका हुन् । धामभित्र र बाहिरको सुरक्षाका लागि सिसी क्यामेरासमेत जडान गरिएको छ ।

धामको भित्रपट्टि पहिचानसहित आकर्षक चित्रहरू कोरिएका छन् । भावी पुस्ताले पुराना सामग्रीको पहिचान पाउन भन्ने उद्देश्यले सांस्कृतिक तथा धार्मिक कार्यमा प्रयोग हुने सामग्रीहरू सिलामसाक्मा, जामा, पगरी, ढ्यांग्रो, डमरु, शंख, ढाल, तरबार, गुलेली, च्याब्रुङ, टुङ्ना, विनायो, मुर्चुङ्गा, पञ्चेबाजा, घरायसी काममा प्रयोग हुने परम्परागत वस्तुहरू डोको, नाम्लो, पिरा, थुन्चे, खुर्पा, हँसिया, खुकुरी, हलो, जुवा, तुलो, डालो, घ्याम्पो, ढिकी, जाँतो, ओखल, घट्टा, ठेकी, हर्पे, मदानी, तोङ्बा, लालटिन, हुक्का, प्रचलनमा आधारित लिङ्गोपिङ, रोटेपिङलगायतको आकर्षक तस्बिर पर्खालमा निर्माण गरिएको छ । धाम अगाडि याङ्वरक गाउँपालिकाको लोगोको व्यवस्थित आकृति निर्माण गरिएको छ भने प्रवेशद्वार अगाडि घडा राखेर पर्यटक तथा तीर्थालुलाई आकर्षण गरिएको छ । निर्माण गरिएका सबै संरचना इधिङ्गो परिवारले धाम संरक्षण समितिलाई हस्तान्तरण गरिसकेको छ ।

जस्मिनसहित उनकी श्रीमती सुनिता माबो (इधिङ्गो), भाइबुहारी रविन र चन्द्रकला वनेम (इधिङ्गो) तथा मृतकका छोरीज्वाइँ जुनी इधिङ्गो र दिल जबेगूको संयुक्त प्रयासमा यी सबै संरचना निर्माण गरिएका हुन् । 'यहाँ हामीले निकै ठूलो लगानी गरेका छौँ तर हामीले कुनै स्वार्थले नभई हाम्रा आफन्तको स्मृतिमा निर्माण गरिएकाले यति लगानी भनेर प्रचार गर्न चाहन्नौँ,' इधिङ्गो भन्छन् । निर्माणकर्ताका बाबु मनप्रसाद इधिङ्गोको विसं २०६९ माघ ११ गते ५६ वर्षको उमेरमा तथा आमा देशहाङ्मा योङहाङ (इधिङ्गो)को विसं २०७३ असोज १ गते ५५ वर्षको उमेरमा निधन भएको थियो । यस्तै उहाँहरूकी चेली पद्मावतीको अल्पायुमै निधन भएको थियो ।

'यस स्थलको संरक्षणसँगै पर्यटन विकास गर्ने, सम्बद्ध सरकारी निकायको समेत ध्यानाकर्षण गराउने र भावी पुस्तालाई केही सिकाउन, देखाउन सकियोस् भन्ने उद्देश्यले हाम्रो परिवारको लगानीमा यी संरचना बनाएका हौं,' इधिङ्गोले भने, 'यसमा हाम्रो कुनै स्वार्थ छैन । बरु यी संरचना निर्माणले यहाँका स्थानीयबासीको आयआर्जन वृद्धि हुनसक्छ भन्ने विश्वास लिएका छौँ ।' आफूहरूले यहाँ लगानी गरेपछि सरकारले यहाँ (कालिका धाममा) गर्नुपर्ने लगानी अर्को कुनै स्थानमा पूर्वाधार विकासमा लगाउन सकोस् भन्ने इधिङ्गो परिवारको विश्वास छ ।

प्रवेशद्वारमा इधिङ्गो परिवारका बाबुआमा र मावलीपट्टिका हजुर बुवा हस्तबहादुर योङहाङको तस्बिर राखिएको छ । 'आमाले मेरो स्मृतिमा केही काम गरे मेरो तस्बिर बुबाको तस्बिरसँगै राखिदिनु भनेकाले बाजे र आमाको तस्बिरसँगै राखिदिएको छु,' इधिङ्गो भन्नुहुन्छ । धाम पुग्दै गर्दा पर्खालमा 'आफू जलेर पनि बत्ती अरुलाई उज्यालाउँछ' भन्ने वाक्यांश लेखिएको छ । प्रत्येक व्यक्तिमा आफूसँग जति पीडा र समस्या भए पनि समाजका लागि केही गर्ने प्रेरणा दिन यस्तो सन्देश लेखिएको र यहाँ निर्माण भएको पूर्वाधारको सही सदुपयोग हुन सकोस् भन्ने इधिङ्गो परिवारको कामना छ ।

**विकास योजना र सामाजिक योगदानको नमुना**

याङवरक-४ का वडाध्यक्ष एवं धाम संरक्षण समितिका अध्यक्ष शहरनन्द योङहाङ व्यक्तिगत हिसाबले इधिङ्गोले गरेको प्रयास अनुकरणीय रहेको बताउँछन् । 'छोटो समयमा यति तीव्रगतिमा विकास हुन्छ भन्ने नमुना यो ठाउँ बनेको छ,' योङहाङले भने, 'अस्मिन आफैँ यहाँ बसेर गर्नुभएको प्रयासपछि पूर्वाधार काम कसरी अगाडि बढाउने र गुणस्तरीयरूपमा सम्पन्न गर्ने भन्ने सन्देश पनि मिलेको छ ।' सरकारी योजना भएको भए त्यति द्रूत र सहजरूपमा काम हुन नसक्ने ठान्दै वडाध्यक्ष योङहाङले विकास योजनामा इधिङ्गोको जस्तो प्रयास र लगाव सबै उपभोक्ता, प्राविधिक तथा निर्माण व्यववसायीहरूमा हुनुपर्नेमा जोड दिए । यो कामले समग्र गाउँपालिका नै खुशी भएको र आफ्नै कार्यकालमा भव्य संरचना निर्माण हुँदा आफूहरूले पनि श्रेय लिन पाएको उनको भनाइ छ ।

भावी दिनमा निर्माणकर्तालाई विशेष सम्मान गर्ने योजना गाउँपालिकाले बनाएको छ । बीसौं लाख खर्चेर पूर्वाधार निर्माण गर्ने कार्य यथार्थमा सामाजिक योगदानको नमुना भएको गाउँपालिका अध्यक्ष लेखनाथ घिमिरेको भनाइ छ । अब उक्त धाममा टायल हाल्ने, याङवरक पोखरीको संरक्षण गर्ने, पार्किङलगायत अन्य पूर्वाधार बनाउने काममा गाउँपालिका लाग्ने अध्यक्ष घिमिरेले बताएका छन् । रासस


**छिपहरमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिस्वा, पर्सा**
**प्रदेश नं. २, नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी सुचना

**सूचना प्रकाशित मितिः २०७७/१०/१०**

यस कार्यालयबाट चालु आ.व २०७७।०७८ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उधोग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्ववको बोलपत्र आव्हान गरिएको छ ।

१. अधावधिक नबिकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, भू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७६।०७७ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी ( पछि फिर्ता नहुने ) यो सुचना प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक बोलपत्र दाताले बोलपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ साथै बोलपत्र पेश गर्न चाहिने बोलपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरी उक्त भाउचर बोलपत्र कागजातसाथ पेश गर्नु पर्नेछ ।
२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले ३१ औं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन ।
५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको साहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
६. सिलबन्दी बोलपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको एन.आइ.सी. एसिया बैंक, भिस्वा स्थित धरौती खाता नं. **L6CA000187452404** मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।
७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिनेछ ।
८. संयुक्त उपकमको मध्यबाट काम गर्न ईच्छुक बोलपत्र दाताले संयुक्त उपकम सम्बन्धित सम्झौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।
९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।
११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै करवाहि हुने छैन ।
१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धित थप कुरा बुझनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझन सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | ल.ई रकम (भैट र कन्टेनजैसी) सहित | धरौटी रकम | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | ४१/०७७/०७८ | सिचाईको लागि 3HP सोर्य सिंचाई जडान तथा वोरिङ्ग जडान गर्ने कार्य, निर्वाचन क्षेत्र नं. ४ भरि | ५४,८४,२६६।२५ | १,३८,०००।०० | ३,०००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक
National Daily

रूपशाला


## घटेन आलियाको कमाई



सन् २०१९ मा फिल्म र विज्ञापनबाट ५९ करोड १२ लाख कमाएकी बलिवुड अभिनेत्री आलिया भट्टले लकडाउनमा फिल्मको काम नहुँदा पनि विज्ञापनबाट ठूलो आम्दानी गरेकी छन् । 'गल्ली ब्वाई, कलंक' फिल्मबाट राम्रो कमाई गरेकी उनले लेज, फ्रूटी र त्लिपकार्ट विज्ञापनबाट अघिल्लो वर्षभन्दा धेरै कमाई गरेको बताइएको छ । उनी अभिनीत दुई फिल्म 'ब्रह्मास्त्र र आरआरआर' प्रदर्शनको पखाईमा छ ।



# गणपतिको छायांकन सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक सविन अधिकारीको चलचित्र 'गणपति'को बिहीबारबाट छायांकन सुरु गरिएको छ । तनहुँका बन्दीपुर गाउँपालिका थारुबासमा निर्माण टोलीले छायांकन सुरु गरेको हो । गाउँले परिवेशमा खिचिने चलचित्रको अधिकांश छायांकन तनहुँ बन्दीपुरमा नै हुनेछ ।

अभिनेता मुकुन भुषाल र अभिनेत्री मेनुका प्रधानको मुख्य भूमिका रहने चलचित्र ' गणपति' को टोली छायांकनका लागि बुधवार राजधानीबाट त्यसतर्फ प्रस्थान गरेको थियो । फिल्ममा मुकुन र मेनुकाका अलावा सूर्यमाला खनाल, जयनन्द लामा, प्रकाश घिमिरे, राजाराम पौडेल, पुष्कर गुरुङ, अंशु मानन्धर, कालु राना, अर्जुन गुरुङ, शुशील पोखरेल, श्रीदेव वि.एललगायतको अभिनय रहनेछ ।

अधिकारीले निर्देशन गरिरहेका चलचित्रमा उनकै कथा, पटकथा तथा संवाद रहेको छ । ' गणपति' लक्ष्मण थापा, विज्ञान केसी र अरविन्द्र गिरीले निर्माण गर्न लागेका हुन् ।

भगवान र मानिसबीचको फरक देखाइने फिल्ममा हरिबहादुर घलेको छायांकन, विक्रम स्वारको कोरियोग्राफी र मौसम बस्नेतको भेषभषा रहनेछ । फिल्ममा शंखर धिताल एशोसिएट डाइरेक्टर, सन्तोष पौडेल मुख्य सहायक निर्देशक, कुमोद शर्मा सहायक निर्देशक, सुवास मगर फोटोग्राफर, बेदनाथ धमला, किरण मगर प्रोडक्सन र उत्तम अर्याल मुख्य सहायक छायांकारको रूपमा छन् ।

फिल्मको गीतमा अनिस अधिकारीले शब्द तथा संगीत भरेका छन् भने अनिस अधिकारी र देवेन्द्र बब्लुले आवाज दिएका छन् । त्यस्तै, गोविन्द शाहीले देशभर वितरण अधिकार दिएको फिल्मको ओभरसिज राइट्स स्रित फिल्मस् एण्ड इन्टरटेन्मेन्टले लिएको छ ।

# करिश्मा र शिवबीच फाटो




■ प्रभाव संवाददाता

**काठमाडौं–** आफ्नो जमानामा राम्रो सम्बन्ध रहेका अभिनेता शिव श्रेष्ठ र नायिका करिश्मा मानन्धरबीच फाटो आएको छ । श्रेष्ठ र मानन्धरबीच उनीहरू आफ्नै कारण फाटो आएको भने होइन । यही माघ १ गतेबाट प्रदर्शनमा आएको चलचित्र 'एउटा यस्तो प्रेम कहानी' ले उनीहरूको मित्रतामा फाटो ल्याएको हो ।

शिवका छोरा शक्ति र करिश्माकी छोरी कविताको डेब्यू चलचित्र 'एउटा प्रेम कहानी'का कारण उनीहरूको सम्बन्ध तिक्ततापूर्ण बनेको अनुमान गरिएको छ । बुधबार नायिका करिश्माले फेसबुकमा स्टाटस पोष्ट गरेपछि भने उनीहरूको सम्बन्ध 'पानी बाराबार'को अवस्थामा पुगेको मत राख्नेहरूलाई बल पुगेको छ ।

करिश्माले फेसबुकमा छोरीले अभिनय गरेको चलचित्रको शीर्ष गीत शेयर गर्दै उनले घुमाउरो शैलीमा शिवप्रति कटाक्ष गरेकी छन् । उनले लेखेकी छन्, 'अरुलाई दोष दिएर महत्वपूर्ण बनाउन चाहन्न । तर, बच्चा त राम्रो थियो ।'

'एउटा यस्तो प्रेम कहानी' छायांकनको क्रममा स्क्रिप्ट हेरफेर गरेर शक्ति र कविताला ई चलचित्रमा प्रवेश गराइएको थियो । घोषणाको समयमा गरिएको तामझाम हेर्दा धेरैलाई चलचित्र राम्रो बन्ने अपेक्षा थियो । चलचित्र प्रदर्शनमा त आयो तर सिनेमा हलसम्म दर्शक आएनन् ।

पहिलो दिनबाटै दर्शकको खडेरी भोगेको चलचित्रले दर्शकलाई सिनेमा हलमा १० मिनेट पनि बाँध्न सकेको छैन । समीक्षकले शिव श्रेष्ठको करिअरकै सबैभन्दा कमजोर चलचित्र भनेका छन् । निर्माताबीचको मनमुटावले यो चलचित्र निर्माणकै क्रममा रोकिएको थियो । यसपछि थन्किएको चलचित्र पूरा छायांक नै नभई प्रदर्शन गरिएको हो ।

करिश्माले अभिनेता श्रेष्ठलाई यो चलचित्र प्रदर्शन नगर्न सुझाव समेत दिएकी थिइन् । कविताको सिन घटाएको भन्दै उनी शिवसँग रुष्ट पनि थिइन् । यही कारण उनले छोरीलाई चलचित्रको प्रचार-प्रचारमा हिँड्न समेत दिइनन् । करिश्माले अहिलेसम्म छोरीको डेब्यू चलचित्र हलमा गएर हेरेकी पनि छैनन् ।

करिश्माकी छोरी र शिवका छोरीले अभिनयमा डेब्यू गरेका कारण दर्शक, मिडियाकर्मी र चलचित्रकर्मीलाई 'एउटा यस्तो प्रेम कहानी' प्रति ठूलो आश र अपेक्षा थियो । तर, चलचित्र औसतभन्दा पनि कमजोर बन्दा कविता र शक्तिलाई पहिलो गाँसमै ढुंगा लागेको छ । चलचित्र हेर्ने कसैले पनि उनीहरूको अभिनयको प्रशंसा गरेका छैनन् । जसले गर्दा उनीहरूको करिअर संकटमा परेको छ ।

यो चलचित्रले शिव र करिश्माका सन्तानको अभिनय क्षमतामा प्रश्न मात्र उठाएको छैन, दुई कलाकारबीच वर्षौंदेखि रहेको राम्रो सम्बन्धमा समेत तिक्तता ल्याएको छ ।

# हाँस्य कलाकारहरूको 'चुरीफुरी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक ऋषिराज आचार्यले चलचित्र 'चुरीफुरी' को छायांकन सुरु गरेका छन् । अहिले काठमाडौंका विभिन्न स्थानमा छायांकन भइरहेको चलचित्रमा हाँस्य टेलिश्रृंखला र वेब सिरिजका कलाकारहरूको बाहुल्यता छ । चलचित्रका मुख्य नायक र नायिका भने गोप्य राखिएको छ । चलचित्रमा निर्देशक आचार्यकै लेखन, निर्माण र निर्देशन रहेको छ ।

चलचित्रमा विन्द्र झा, शिशिर भण्डारी, दीपक आचार्य (काकु), सुबोध गौतम (एदुमे), पवन खतिवडा (म्याकुरी), सुरवीर पण्डित (दारी बा), सुनिता श्रेष्ठ, ऋतु आचार्य, लक्ष्मी ढकाल, राजेन्द्र खाती, महेश्वर आचार्य, कमल सिंह, अस्मिता बस्नेत, तुलसी श्रेष्ठ, सरिस्मा मगर, मनिल तामाङ, रश्मी आचार्यलगायतका कलाकारहरूको अभिनय हेर्न पाइनेछ ।

आरवी मुभीजको ब्यानरमा निर्देशक आचार्य स्वयम् र रिना ढकाल निर्माता रहेको चलचित्रको सह निर्मातामा विमला भुसाल, राजेन्द्र खाती र शिव थापा छन् ।

राहुल राईको छायांकन, भिमफेदी गाइजको कोरियोग्राफी, विजय आचार्यको कला निर्देशन र दीपक शर्माको संगीत रहेको चलचित्रका गीतमा समीर आचार्य, विश्व नेपाली र बेनिशा पौडेलको स्वर छ ।



### प्रधानमन्त्री कप क्रिकेट

# पुलिस र सशस्त्र विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लब र एपिएफ क्लब आआफ्नो खेलमा विजयी भएका छन् । पुलिसले लुम्बिनी प्रदेशलाई ७४ रनले तथा एपिएफले गण्डकी प्रदेशलाई छ विकेटले पराजित गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरको पुलिसले निर्धारित ५० ओभरमा चार विकेट गुमाएर ३१० रन बनायो । तीन सय ११ रनको विजय लक्ष्य पछ्याउने क्रममा लुम्बिनीले ५० ओभरमा सात विकेट गुमाउँदै २३६ रन मात्र बनाउन सक्यो । पुलिसका लागि सुनील धमलाले १०४ रनको शतकीय पारी खेले । उनले १४४ बल खेल्ने क्रममा एक छक्का र सात चौका प्रहार गरे ।

यस्तै दीपेन्द्रसिंह ऐरीले ६१ बलमा छ छक्का र एक चौकाको मद्दतमा ८५ रनको योगदान दिए । अमित श्रेष्ठले २८, आरिफ शेखले अविजित २९ तथा पवन शर्राफले १३ बलमा ५० रन बनाए । शर्राफले छ छक्का तथा एक चौका प्रहार गरे । बलिङतर्फ लुम्बिनीका लागि कृष्ण कार्की, अनिल खरेल, दीपेन्द्र रावत र सौरभ खनालले एक एक विकेट लिए ।

जवाफी ब्याटिङ गर्ने क्रमा लुम्बिनीका लागि देव खनालले ४९, सन्दीप रजालीले ४०, राजविर सिंहले २४, कृष्ण कार्कीले अविजित ४० तथा सौरभ खनालले ७४ रन बनाए । बलिङतर्फ पुलिसका रासिद खान र पवन सर्राफले दुई/दुई विकेट लिए ।

यसैगरी मुलपानी क्रिकेट मैदानमा आजै सम्पन्न अर्को खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लब लगातार दोस्रो खेलमा विजयी भएको छ । टस जितेर एपिएफले पहिला फिल्डिङ रोजेपछि ब्याटिङ गर्दै गण्डकीले ४६ ओभरमा सवै विकेट गुमाउँदै १०६ रन बनायो । एक सय सात रनको विजयी लक्ष्य एपिएफले १७ दशमलव तीन ओभरमा चार विकेट गुमाएर पूरा गऱ्यो । एपिएफका लागि आसिफ शेखले ७८ रनको अर्धशतकीय पारी खेले । यस्तै सुमित महर्जनले १८ रन बनाए ।

बलिङतर्फ गण्डकीका चन्द्र पौडेल र विशाल पौडेलले दुई/दुई विकेट लिए । यसअघि पहिला ब्याटिङ गर्ने क्रममा गण्डकीका लागि समिर कँडेलले सर्वाधिक ३६ रन बनाए । यस्तै दिनेश बुढामगरले १२, विष्णु पाण्डेले १५ तथा दीपेश खत्रीले पनि १५ रन नै बनाए । बलिङतर्फ एपिएफका लागि कमलसिंह ऐरीले चार तथा अविनास बोहोरा र शरद भेषवाकरले दुई /दुई विकेट लिएका थिए ।

# राष्ट्रिय फुटबल टोली बन्द प्रशिक्षणका लागि पोखरामा

■ प्रभाव संवाददाता

**पोखरा–** नेपाली राष्ट्रिय पुरुष फुटबल टोली प्रशिक्षणका लागि बिहीबार साँझ पोखरा आएको छ । सन् २०२२ मा कतारमा हुने विश्वकप फुटबल तथा चीनमा सन् २०२३ मा हुने एशियन कपको छनोट चरणको खेलको तयारीमा रहेको राष्ट्रिय फुटबल टोलीले पोखरामा दुई साता बन्द प्रशिक्षण सञ्चालन गर्ने कास्की जिल्ला फुटबल सङ्घले जनाएको छ ।

पोखरा आएको टोलीलाई अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वउपमहासचिव गणेश भट्टराई, कास्की जिल्ला फुटबल संघका अध्यक्ष मिलन गुरुङसहितका जिल्ला फुटबल संघका पदाधिकारीले स्वागत गरेका थिए । पोखरा आएको टोलीमा राष्ट्रिय टोलीका ३५ खेलाडी र नौ जना अफिसियलसहित ४४ जना रहेको जिल्ला फुटबल संघका महासचिव रमेश कार्कीले जानकारी दिए । टोलीले पोखरा रंगशालास्थित फुटबल मैदानमा अभ्यास तथा प्रशिक्षण गर्नेछ । टोलीको मुख्य प्रशिक्षकमा बालगोपाल महर्जन र सहायक प्रशिक्षकमा किरण श्रेष्ठ रहेका छन् ।

विश्वकप छनोट चरणअन्तर्गत तीन 'अवे' खेल खेलिसकेको नेपालले घरेलु मैदानमा तीन खेल खेल्न बाँकी छ । नेपालले चाइनिज ताइपेईसँग चैत १२ गते र अष्ट्रेलियासँग चैत १७ गते खेल्दैछ भने जोर्डनसँग अर्को वर्ष जेठमा घरेलु मैदानमा खेल्नेछ ।

### राष्ट्रिय महिला लिग फुटबल

# सावित्राको ह्याट्रिकमा एपिएफ विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय महिला लिग फुटबलअन्तर्गत बिहीबार भएको खेलमा सावित्रा भण्डारीको ह्याट्रिक मद्दतमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब विजयी भएको छ । एफिएफ क्लबले चन्द्रपुर नगरपालिकालाई ६-० गोलले पराजित गरेको हो ।

सातदोबाटोस्थित एन्फा मैदानमा भएको खेलमा एपिएफले खेलको १४औं मिनेटमा खेलमा अग्रता लिएको थियो । उसका लागि भण्डारीले पहिलो गोल गरेकी थिइन् । खेलको २२औं मिनेटमा एपिएफले थप एक गोल गरेको थियो । मध्यान्तरपछिको खेलमा एपिएफका लागि खेलको ६१औं मिनेटमा भण्डारीले नै गोल गरेकी थिइन् । लगत्तै एपिएफका लागि अनिता बस्नेतले गोल गरिन् । खेलको ७१ औं मिनेटमा एपिएफका लागि पाँचौ गोल भण्डारीले नै गरिन् भने खेलको ८९ औं मिनेटमा एपिएफका लागि छैटौं गोल प्रिती राईले गरेकी थिइन् ।

त्यस्तै लिगकै अर्को खेलमा विराटनगर र वालिङबीचको खेल बराबरीमा सकिएको थियो । सातदोबाटोस्थित एन्फा मैदानमा सम्पन्न खेलमा दुवै टोलीले एक एक गोल गरेका थिए । खेलको दोस्रो मिनेटमा वालिङका लागि सञ्जना शर्माले गोल गरेकी थिइन् ।

यस्तै मध्यान्तरपछिको खेलमा विराटनगरका लागि खेलको ६२औं मिनेटमा आशा कुमारीले गोल गरिन् । त्यसपछि दुवै टोलीले गोल गर्न सकेनन् । बराबरीपछि विराटनगर र वालिङले एक-एक अंक बाँडेका छन् ।

# कोभिड-१९ को कारण १ लाख ५३ हजार जनाको मृत्यु

**नयाँ दिल्ली–** भारतमा गत २४ घन्टामा कोरोना संक्रमणको कारण १६३ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ५३ हजार ३२ जना पुगेको छ । यहाँ कोरोना भाइरस संक्रमितको संख्या मंगलबारसम्म एक करोड छ लाख २५ हजारभन्दा बढी पुगेको छ । विगत २४ घन्टाको अवधिमा भारतमा १४ हजार ५४५ नयाँ संक्रमित फेला परेपछि कोरोना संक्रमितको संख्या एक करोड छ लाख २५ हजार ४२८ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड दुई लाख ८३ हजारभन्दा बढी व्यक्ति संक्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ८८ हजार ६८८ जना सक्रिय संक्रमित रहेका छन् । भारतमा एक साता अघिदेखि कोभिड -१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ । सो दिनदेखि हालसम्म १० लाख व्यक्तिले खोप लगाइसेकेका छन् ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा शुक्रबार २२७ जना थप व्यक्तिमा कोरोना भाइरसका संक्रमण देखिएको र ८ जनाको मृत्यु भएको छ । भारतमा कोभिड-१९ शुरु भएयता भाइरस संक्रमणको कारण दिल्लीमा १० हजार ७७२ को मृत्यु भइसकेको छ । यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बिहीबारसम्म देशभर १९ करोड १४ लाख ४८ हजारको हाराहारीमा नमुना परीक्षण गरेको छ । बुधबार एकै दिनमा मात्र ८ लाख २४२ जनाको कोभिड-१९ परीक्षण गरेको जनाइएको छ ।

### श्रीलंकाको सीमा सबै देशका लागि खुला

श्रीलंकाले कोभिड १९को असरका कारण बन्द गरेको आफ्नो देशको सीमा अन्तर्राष्ट्रिय रूपमा नै खुला गरेको जनाएको छ ।श्रीलंकाको पर्यटन मन्त्रालयले बिहीबार सो कुराको जानकारी गराएको हो । बिहीबारबाट श्रीलंका आउने सबै अन्तर्राष्ट्रिय जहाजहरू पनि खुला गरिएको जानकारी दिइएको छ ।

यसअघि श्रीलंकामा कोभिडको कारण भन्दै स्थलमार्गका साथै अरु अन्तर्राष्ट्रिय उडानहरू पनि बन्द गरिएको थियो । श्रीलंकाको पर्यटन मन्त्रालयले दिएको जानकारीअनुसार बिहीबार मात्र पनि ओमनबाट ५० जना श्रीलंकाली नागरिक बोकेर ओमन एयरको विमान बिहीबार बन्दरनायके अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

सो विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै श्रीलंकाली पर्यटन मन्त्री प्रसन्ना रणतुंगाले बिहीबारबाट श्रीलंकाले विदेशी उडानहरू पनि खुला गरेको जानकारी दिएका छन् । उनले श्रीलंकाको पर्यटन व्यवसाय निकै नै प्रभावित परेको अवस्थामा वर्तमान सरकारले यसरी विदेशी उडानहरू शुरु गरिदिएर निकै राम्रो काम गरेको भन्दै श्रीलंकाली प्रधानमन्त्री र राष्ट्रपतिलाई पनि विशेष धन्यवाद दिए । उनले यहाँका होटल तथा पर्यटकहरूलाई सेवा दिने अरु सबै निकायहरूले आवश्यक मात्रामा स्वास्थ्यको सुरक्षाका मापदण्डहरू अपनाउने जानकारी दिएका छन् । यहाँ आउने सबै पर्यटकहरूलाई पनि सो मापदण्ड पालना गर्न भन्ने र स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरू देशभित्र पनि अपनाइने भन्दै उहाँले श्रीलंकाको पर्यटन क्षेत्र सुरक्षित रहेको बताए ।

### जर्मनीमा ५० हजारभन्दा बढीको मृत्यु

उता, जर्मनीमा कोभिड-१९ संक्रमित ५० हजारभन्दा बढीको मृत्यु भएको जर्मनीका रोबर्ट कोच इन्स्टिच्युट रोग नियन्त्रण केन्द्रले जानकारी गराएको छ । जर्मनी संक्रमणका आधारमा विश्वको १०औं बढी प्रभावित मुलुक हो । अमेरिका, भारत, ब्राजिल, रूस, बेलायत, फ्रान्स, स्पेन, इटाली र टर्की बढी कोभिड-१९ संक्रमित रहेका मुलुकहरूको क्रमशः अग्र नौ स्थानमा रहेका छन् । एशियाली मुलुकहरूमा भारत, चीन, पाकिस्तान, बंगलादेश,जापान, कोरियालगायत मुलुकहरूमा संक्रमितको संख्या उच्च रहेको छ ।

जर्मनीमा पछिल्लो २४ घन्टामा संक्रमित हुनेको संख्या ८५९ रहेको र अहिलेसम्म कोभिड-१९ सङ्क्रमपछि मृत्यु भएका व्यक्तिको संख्या ५० हजार ६४२ पुगेको पुष्टि केन्द्रले गरेको हो । एजेन्सी

# १६ तालिबान लडाकूको मृत्यु

**जलालाबाद–** अफगानिस्तानको पूर्वी भागमा रहेको नान्गार्हार प्रान्तमा अवस्थित शिर्जाद र खोगीआनी जिल्लामा तालिबान लडाकू लुकेर बसेको इलाका लक्षित भएको सुरक्षा कारबाहीमा परी कम्तीमा सोह्र लडाकू मारिएका प्रान्तीय सरकारद्वारा शुक्रबार प्रकाशित एक विज्ञप्तिमा जनाइएको छ । बिहीबार राति जारी गरिएको यस विज्ञप्तिका अनुसार खोगीआनी जिल्लाको आक्रम खिल क्षेत्र र शिर्जाल जिल्लाको हासिम खिल क्षेत्रमा गरिएको कारबाहीको क्रममा तालिबानका पाँच कमाण्डर पनि मारिएका जनाएको छ ।

कारबाहीको क्रममा तालिबान लडाकू लुकेर बसेको आखाडा र उनीहरूको जाँच चौकीलाई पनि ध्वस्त परेको जनाइएको छ । पछिल्लो दुई दशकदेखि हिंसा, हत्या र आतङ्कको चपेटामा परेको अफगानिस्तानमा पटक-पटक शान्ति वार्ताको प्रयास थालिए पनि दिनहुँ राजनीतिक प्रेरित हत्या र हिंसाका घटना कायम नै छ । (रासस/सिन्ह्वा)


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HADEF MODEL AGRICULTURE CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७६/१०/२२ पून : विज्ञापन स्वीकृति मिति २०७७/१०/०८ LT. No. 232557 चलानी नं. ६०१५१२८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER | 4 | 0 | 1000 | ३१,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CAR DRIVER PUBLIC | 1 | 0 | 1600 | ४९,६८० | | | | | | | |
| 3 | PUBLIC BUILDING | 2 | 0 | 1000 | ३१,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः माघ १८ गते (31th Jan.2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069


# महाभियोग सुनुवाइमा ढिलाई गर्न आग्रह

**वासिङ्टन्–** अमेरिकी माथिल्लो सदन सिनेटमा रिपब्लिकन पार्टीका नेता मिच म्याक्कोनेलले निवर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्धको महाभियोग प्रस्तावमाथिको छलफल आगामी फेब्रुअरीको मध्यसम्म स्थगन गर्न आग्रह गरेका छन् । महाभियोगको प्रतिरक्षाका लागि आवश्यक गृहकार्य गर्न ट्रम्पका वकीलहरूलाई समय दिन म्याक्कोनेलले उक्त आग्रह गरेका हुन् ।

रिपब्लिकन पार्टीका सिनेटरसँगको कन्फरेन्स कलमा छलफल गर्दै म्याक्कोनेलले अघिल्लो पटकको महाभियोगकै हाराहारीमा ट्रम्पलाई समय चाहिने बताएका थिए । कन्फरेन्स कलमा सहभागी सिनेट सदस्य माइक ब्राउनले ट्रम्प विरुद्धको महाभियोग सुनुवाईका लागि आगामी फेब्रुअरीको १० वा ११ मा गर्न सकिने सुझाव राखेका थिए । म्याक्कोनेलले फेब्रुअरीको मध्यसम्म महाभियोगमाथिको सुनुवाई ढिलाइ गर्नेबारेमा डेमोक्रेट पार्टीबाट कुनै जानकारी प्राप्त नभएको बताए । उनले भने, ‘अहिल्यै केही भएको छैन, तर हामी डेमोक्रेटसँग वार्ता अगाडि बढाउन खोजिरहेका छौं ।’

यसै महिनाको शुरुमा म्याक्कोनेलले रिपब्लिकन सिनेट सदस्यहरूलाई सिनेटमा महाभियोग सम्बन्धी नियम बमोजिम तल्लो सदनमा महाभियोग सम्बन्धी व्यवस्थापकले सिनेटलाई जानकारी गराएपछि लगत्तै सिनेटमा छलफल हुने प्रचलन रहेको बताएका छन् । संसदकी सभामुख नान्सी पेलोसीले बिहीबार पत्रकार सम्मेलन गर्दै सिनेटमा सहमति जुट्नासाथ महाभियोगमाथिको सुनुवाई प्रारम्भ हुने र त्यसका लागि तल्लो सदन तयार रहेको जानकारी दिइन् ।

डेमोक्रेट पार्टीको बहुमत रहेको तल्लो सदनले गत जनवरी १३ मा ट्रम्पविरुद्ध महाभियोग लगाउने सम्बन्धी एक प्रस्तावलाई २३२-१९७ मतान्तरले पारित गरिसकेको छ । ट्रम्प विरुद्ध अमेरिकी इतिहासमै एकै कार्यकालमा दुई पटक महाभियोग लगाइएको थियो । गत जनवरी ६ मा तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउसको प्रांगणमा आफ्ना समर्थकलाई उत्तेजक भाषण दिएलगत्तै ट्रम्पका उग्र समर्थकले संसद भवनमा आक्रमण गरेका थिए । (रासस/सिन्ह्वा)


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR MASTER ELECTRO MECHANICAL CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०७७/१०/०९ LT. No.235784 चलानी नं . ६०१५४२३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURS | 20 | 0 | 1000 | ३१,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | TECHNICIAN | 20 | 0 | 1800 | ५७,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः माघ १७ गते (30th Jan.2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैले | कामदार आफैले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3,Marajgunj, Kathmandu, Phone No: 015908044/015906944



## रोमनियमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIMA EMPLOYMENT SRL

पुर्व स्वीकृति मिति २०७६/११/०६ पुनः विज्ञापन स्वीकृति मिति २०७७/१०/०९ LT No : 233541 चलानी नं. ६०१५९६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sanitation Worker | 100 | 0 | 550 | ६४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 15 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 3 | Locksmith | 10 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 4 | Welder | 10 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 5 | Gardener | 10 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 6 | Hotel Cleaner | 10 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 7 | Cook | 10 | 0 | 650 | ७५,७२० | | | | | | | |
| 8 | Assistant Cook | 20 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 9 | Barman | 10 | 0 | 550 | ६४,०७० | | | | | | | |
| 10 | Pastry | 5 | 0 | 650 | ७५,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः माघ १८ गते (31th Jan.2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः ६०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.M. Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ३८५/०५९/०६०
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## भोटेकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

### बोलपत्रको आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

( प्रकाशित मिति : २०७७/१०/१० )

यस भोटेकोशी गाउँपालिकाद्वारा मिति र २०७७/०८/२४ गते प्रकाशित सूचना अनुसार तपशिलका ठेक्का नं. को E-biding बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | कार्यक्रमको नाम | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु. अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | दशकिलो बोक्चेन सडक स्तरोन्नती | 05-BRM-NCB-077/078 | श्री गुरुभैरवनाथ निर्माण सेवा, भोटेकोशी ४ सि.पा. | ४,४०४,४८६। ५५ |
| २. | चौकी डाडा, शेर्पा गुम्बा, तामाङ गुम्बा, पर्यटकीय पदमार्ग निर्माण | 06-BRM-NCB-077/078 | जिहा सप्लायर्स कम्पनी प्रा.लि. भोटेकोशी २ सि.पा. | ४,९६७,९२०।६४ |
| ३. | दुगुना टासिथान सडक ट्र्याक ओपन | 07-BRM-NCB-077/078 | प्रभात/सिन्धु जुगल जे भि चौतारा सि.पा. | ९,९७५,४०१।५० |

प्रमुख प्रशासकीय अधिकृत



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW WAYS TRADING AND CONTRACTING

पुर्व स्वीकृति मिति : २०७७/१०/०९ LT. No.235647 चलानी नं. ६०१५४२३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 03 | 0 | 1200 | ३८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः माघ १८ गते (31th Jan.2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम ईजाजत नं.५३५/०६१/०६२
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९२९००।- | प्रति तोला - ९२४००।- | प्रति तोला - १२६०।- |

# पर्यटकको पर्खाइमा निसराङ ताल

**गोरखा-** उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका र धार्चे गाउँपालिका प्राकृतिक सौन्दर्यले भरिपूर्ण छन् । यी दुई गाउँपालिका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक रूपमा सम्पन्न छन् । भौगोलिक रूपमा बिकट भए पनि पर्यटकीय क्षेत्रका हिसाबले धार्चे र चुमनुब्री गाउँपालिका पर्यटकहरूको रोजाइमा पर्ने जिल्लाका प्रमुख दुई गाउँपालिका हुन् । धार्चेमा रहेको क्यान्टी लिभर पुल, तातोपानी कुण्ड, धार्चे डाँडा, गणेश हिमाल, कलकाङ (रक क्लाइम्बिङ प्यारग्लाइडिङ) क्षेत्र, न्याउली झरना, लाप्राकको एकीकृत नमुनाबस्ती प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकसित भइसकेका छन् ।

चुमनुब्री गाउँपालिकाको चुम भ्याली प्राचिन बौद्ध संस्कृतिले भरिएको सांस्कृति उपत्यका हो । त्यहाँ रहेका पुरातात्विक, धार्मिक तथा ऐतिहासिक बौद्ध गुम्बाहरूले त्यहाँ पुग्ने पर्यटकको मन जित्ने गरेको छ । करिब सात सय वर्ष पुरानो प्राचिन बौद्ध गुम्वा, बौद्ध धर्मसम्बन्धी प्राचीन मानी, कानी, छयोर्तेन, चैत्य, स्मारक र तिव्बती संस्कृति तथा पहिचानका कारण चुमनुब्री उपत्यका पनिपर्यटकको आकर्षणको केन्द्र बन्दै गएको गाउँपालिकाकी उपाध्यक्ष कुमारी गुरुङ बताउँछन् ।

धार्चे र चुमनुब्री गाउँपालिकाकामा अन्य आकर्षक पर्यटकीयस्थल पनि छन् जुन प्रचार-प्रसारको अभावमा ओझेलमा पर्दै आएका छन् । दुई गाउँपालिकाको संगमस्थलको रूपमा रहेको निसराङ ताल त्यस क्षेत्रको प्रमुख पर्यटकीय सम्भावना बोकेको एउटा प्रमुख गन्तव्यस्थल हो । समुद्र सतहबाट झण्डै चर हजार ७०० मिटर उचाइमा रहेको यो तालका वरपर साना ठूला कैयौं हिमश्रृंखलाका बीचमा मनोरम दृष्य देखिने निसराङ तालको सौन्दर्यताले धार्चे र चुमनुब्री गाउँपालिकाको प्राकृतिक सौन्दर्यमा सुनमा सुगन्ध थपिए जस्तै बनाइदिएको छ ।

कुल तीन दशमलब तीन किलोमिटर क्षेत्रफलमा फैलिएको निसराङताल घुम्न मात्र करिब तीन घन्टा खर्च गर्नैपर्छ । सूर्योदय र सूर्यास्तको समयमा निसराङ ताल अझै आकर्षक देखिन्छ । यो താललाई स्थानीय भाषामा 'निसराङच्छो' नामले चिनिन्छ । चुमनुब्री गाउँपालिका-३ का वडाध्यक्ष रामकुमार गुरुङले यो ताल धार्मिक हिसाबले पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताए ।

स्थानीय गुरुङ भाषामा निसराङको अर्थ मनोकामना र च्छो भन्नाले ताल भन्ने बुझिन्छ । मनको कामना पूरा गर्ने तालका रूपमा त्यस क्षेत्रका स्थानीयबासीले निसराङताललाई चिन्ने गरेका छन् । विशेष गरी छोराछोरी नहुनेहरू जसरी पनि एक पटक यो तालमा पुग्नैपर्छ भन्ने स्थानीयको मान्यता रहेको वडाध्यक्ष गुरुङ बताउँछन् ।

ताल प्रवेश गर्ने मूलद्वारामा प्राकृतिक रूपमा रहेका ठूला चुच्चे ढुंगाको मूर्ति छ । जसलाई स्थानीयहरू चोम्पोलोङ र चम देवता भनी विश्वास गर्दछन् । जहाँ पूजापाठ नगरी भित्र प्रवेश गरेमा असिना पानी पर्ने र हावाहुरी चल्छ भन्ने धार्मिक विश्वास रहँदै आएको छ । यही धार्मिक विश्वासका कारण त्यहाँ घुमघामका लागि पुग्ने गरेका आन्तरिक पर्यटकहरू चोम्पोलोङ र चम देवताको पूजा गरेर मात्र भित्र जाने गरेको वडाध्यक्ष गुरुङ बताउँछन् । निसराङताल परिसरमा हरेक वर्षको जनै पूर्णिमाको दिन ठूलो मेला समेत लाग्ने गरेको उनले बताए ।

'मेला हेर्न तालमा नुहाउन, जिल्ला भित्रका उहिँया, सिर्दीबासका बासिन्दासँगै केरौजा, काशिगाँउ गुम्दा, लाप्राक, बारपाक, घ्याचोक, चुम्चेत, बिही, प्रोक, छेकम्पार र लापुदेखिका मानिसहरू त्यहाँ पुग्छन्,' उनले भने ।

कोहीले निसराङ ताललाई दूध पोखरी भनेर पनि सम्बोधन गर्ने गर्छन् । तालको छेवैमा रहेको अनौठो देखिने ढुंगाको चुचुरा त्यहाँ पुग्ने पर्यटकहरूका लागि अर्को आकर्षणको केन्द्र बन्ने गरेको उनले बताएका छन् । त्यही ढुंगाको छेवैमा देउराली (ढुंगै ढुंगाको चाङ) मण्डप बनाएर स्थानीयहरूले पूजा गर्दै आएको अभियान्ता घलेले जानकारी दिएका छन् । अर्को अनौठो कुरा के छ भने त्यहाँ पुग्ने पर्यटकले असोजदेखि करिब माघको अन्तिम सम्ममा निसराङतालमा पानी देख्न पाउँदैनन् । यो अवधिमा ताल पूरै जमेको अवस्था हुन्छ स्थानीयबासी घलेले भने, ' त्यसबाहेकको बाँकी अवधिमा मात्र निसराङतालमा पानी देख्न पाइन्छ ।' निसराङ तालको पानी तालदेखि करिब एक किलोमिटर वर जमिन मुनीबाट निस्कने गरेको स्थानीयहरू बताउछन् ।

'तालको पानी धेरै वर जगत भालवाङबाट निस्किएर बूढी गण्डकी नदीमा मिसिने गरेको अनुमान गरिएको छ,' घलेले भने, 'त्यो बीचको भागमा भने कतै पानी बगेको देख्न पाइँदैन ।' निसराङ तालमा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सके त्यस क्षेत्रका बासिन्दाहरूले रोजगारी पाउनुका साथै धार्चे र चुमनुब्री गाउँपालिकाको आर्थिक सम्बृद्धिमा टेवा पुग्ने धार्चे गाउँपालिकाका अध्यक्ष सन्तोष गुरुङले बताए ।

निसराङ ताललाई हामीले हाम्रो गाउँपालिकाको एउटा महत्त्वपूर्ण गन्तव्यको रूपमा विकास गर्न चाहेको उनले बताएका छन् । उनले यो तालको संरक्षण, सम्बर्द्धन र प्रचार- प्रसारका लागि योजना निर्माण गरिरहेको बताएका छन् । निसराङ ताल पुग्न एकदिनको सवारी यात्रा र बाँकी ५ दिन हिँड्नुपर्छ ।

तातोपानीबाट एकदिनको यात्रामा जगत पुग्न सकिन्छ त्यहाँबाट करिब चार घन्टाको पैदलयात्रा गरेपछि रोल्पाडाँडा पुगेसँगै रोल्पा डाँडाबाट गणेश हिमाल र शृंगी हिमाल दृष्यावलोकन गर्ने अवसर त्यहाँ पुग्ने पर्यटकले पाउनेछन् । रोल्पा डाडाँबाट ताक्पुकसम्म दुई घन्टाको यात्रा तय गरेपछि पर्यटकहरू ताक्पुकमाभेडी खर्कहरूमा बास बस्नुपर्ने र अर्को दिन ताक्पुकबाट भुङरङ केही घन्टाको यात्रासँगै निर मसी चौरमा पुग्न सकिन्छ ।

त्यहाँ पुगेपछि निसराङ जान समय अभाव हुने भएका कारण एकरात त्यहीं बास बस्नुपर्ने हुन्छ । निरमसी चौरमा बास बस्ने पर्यटकहरूले गणेश हिमाल आमनेसामने देख्ने अवसर पनि पाउने छन् । त्यतिमात्र होइन निरमसी चौरमा दिनभरि थाकेका पर्यटकहरूको थकाइलाई त्यहाँ देखिने कस्तुरी, झारललगायतका पशुवस्तु देखेर रमाउँछन् । आँखै अगाडि देखिने श्रृगी हिमालले त झनै पर्यटकको मन भुलाइ दिन्छ नै । कतिपय अवस्था हिमचितुवा समेत हेर्ने अवसर मिल्ने गरेको स्थानीयबासी बताउछन् । भुङरङबाट हिडेपछि भने पर्यटक करिब २-३ घन्टामा निसराङ तालमा पुग्न सक्छन् ।

निसराङ तालको संरक्षणका लागि यसअघि बजेट बिनियोजन नभएको भए पनि प्रदेश सरकारले यो वर्षदेखि काम थालेको छ । प्रदेश सरकारले चालू आर्थिक वर्षमा तालको संरक्षणका लागि रु एक करोड बजेट बिनियोजन गरेको चुमनुब्री गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत भीमसेन श्रेष्ठले जानकारी दिएका छन् । 'प्रदेश सरकारले ससर्त बजेट अन्तर्गत हस्तान्तरण गरेको कार्यक्रम हो,' उनले भने, 'अहिले तालको संरक्षण सम्बर्द्धनका लागि डिपिआर निर्माणको काम करिब अन्तिम चरणमा पुगेको छ ।' पहिलो चरणमा त्यहाँ पुग्ने पर्यटकहरूको सुबिधाका लागि फुट ट्रेल निर्माण, ताल वरपर र मुख्य-मुख्य स्थानमा आश्रयस्थल निर्माणलाई प्राथामिकतामा राखिएको उनले बताए ।

त्यसबाहेक हेलिप्याड निर्माणलगायत काम अघि बढाउन लागिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिएका छन् । गाउँपालिकाको आफ्नै बजेटमा समेत तालको संरक्षण र प्रचारप्रसारका लागि योजना बनाइरहेको उनको भनाइ छ । गाउँपालिकामार्फत कन्सल्ट्यान्टले डिपिआरको काम लगभग सकेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । रासस









प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई